# मनहरी गाउँपालिका गाउँ सभाको पन्ध्रौं अधिवेशनमा अध्यक्ष श्री रञ्जन कालाखेती ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

मनहरी गाउँपालिका

**गाउँ सभा सचिवालय**

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

**मिति: २०८१-०३-०५**

**"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार: समृद्ध मनहरीको आधार"**

## आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम

**उपाध्यक्षज्यू,**
**कार्यपालिका सदस्यज्यूहरु,**
**सभाका सदस्यज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी साथीहरु,**

- ❖ नेपालको संविधान जारी भएपछी दोस्रो पटकको स्थानीय तह सदस्य निर्वाचनबाट मनहरी गाउँपालिकाको हामी निर्बाचित जनप्रतिनिधिको दुई बर्षे अबधि ब्यतित भई हाम्रो कार्यकालको तेश्रो बर्षको यस गाउँसभाको पन्धौं अधिवेशनमा सबैलाई स्वागत गर्न चाहन्छु ।

- ❖ हामीलाई मनहरी गाउँपालिकाको नेतृत्व गर्ने जिम्मेवारी प्राप्त भए पश्चात हाम्रो कार्यकालको दोश्रो नीति तथा कार्यक्रम र बजेट सफलतासाथ कार्यान्वयनमा सघाउ पुर्याउने हुने जनप्रतिनिधि, कर्मचारी, आम मनहरीबासी तथा सरोकारलाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

- ❖ यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरु, दश बर्षे जनयुद्ध, १९ दिने जन आन्दोलन तथा बिभिन्न आन्दोलनहरुमा शहादत प्राप्त ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, साथै घाईते बेपत्ता तथा द्धन्दपिडित परिबार प्रति उच्च सम्मान प्रकट गर्दछु । सात दशक लामो बलिदानीपूर्ण सङ्घर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । यी सङ्घर्ष र आन्दोलनमा नागरिकहरुले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोऱ्याई रहनेछ ।

- ❖ जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तभको रुपमा रहने स्थानीय तहको दुई बर्ष अघि सम्पन्न निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ संस्थागत बनाएको छ ।संबिधान बमोजिम सम्पन्न हुने आबधिक निर्बाचनले स्थापित लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएरहनेछ ।

- ❖ हामीले विगत दुई बर्ष देखि नीतिगत रुपमा ×शिक्षा,स्वास्थ्य,कृषि र पूर्बाधारःसमृद्ध मनहरी को आधार" भन्ने मूल नारामा आधारित भइ शिक्षा र स्वास्थमा विषेश प्राथमिकता साथ कार्यान्वयनमा ल्याएको समृद्ध मनहरी बनाउने आधारशिलाका प्रारम्भिक चरणका बजेट कार्यक्रमलाई मनहरीबासीले अनुमोदन गरी पूर्ण सहयोग गर्नु भएकोमा विशेष धन्यबाद सहीत आगामी बर्ष पनि निरन्तर रुपले हामीले उठाएका सवाललाई पूरा गर्नेमा अझैबढी मेहेनत गरिरहने प्रण गर्दछौं ।

- ❖ हामीले हाल सम्म कल्पना गरेका पाँच वटा पक्की पुल,वडा तथा सार्बनजिक भवन लगायत महत्वाकांछी पूर्बाधार लगभग सम्पन्न भएकोले केही गौरवका पूर्बाधारलाई निरन्तरता दिदै शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक विषयलाई आगामी दिनमा विषेश प्राथमिकता दिने निती तथा रणनीति कार्यान्वियन गर्दै समृद्ध मनहरीको सपना साकार पार्न दोश्रो आबधिक योजना समेत तर्जुमा गरिदै गरेको सबैलाई जानकारी गराउन चाहन्छु ।

**बिधमान परिवेशः**

- विगतमा केही कानून/कार्यविधिको अभाव, सबै विषय क्षेत्रमा कर्मचारी ब्यबस्थापन,अपर्याप्त कार्यकक्ष आदीको कारण कार्य सम्पादनमा भएको समस्याहरु क्रमशः निवारण हुदै गएकोले कानुन बमोजिम निर्बाध रुपले काम गर्ने वातावरण बन्दै गएको छ । राजनैतिक रुपले केही फरक/फरक मूल्य मान्यता भएको पार्टीबाट नेतृत्व गरिएको अबस्था भएपनि समृद्ध मनहरी बनाउने सबैको साझा लक्ष भएकोले यस गाउँपालिकामा हामी सबै जन निर्बाचित प्रतिनिधिहरु तथा कर्मचारीहरु भावनात्मक रुपले एक भई समन्वयात्मक ढंगले हातेमालो गर्दै जनसेवामा जुटिरहेका छौं ।

- यस बर्ष पनि बिबिध कारणले संघीय सरकारको अनुदान प्रभावित हुन पुगेको छ । त्यसै गरी संघ र प्रदेश सरकारका सम्बद्ध निकायसँग उचित सहसम्बन्ध तथा सहकार्यमा भएको कठीनाइको कारण ठेक्का लगाउन नसक्दा गाउँपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजस्व विशेष गरी ढुङ्गा गिटी, बालुवाको विक्री शुल्कबाट प्राप्त हुनुपर्ने राजस्व रकम प्राप्त हुन सकेको छैन ।यसले समग्र गाउँपालिकाको विकास योजना र रोजगारीको क्षेत्र संकुचन हुन गएकोमा सम्बद्ध पक्षसँग सहकार्य अगाडी बढाइ ठेक्का लगाउने व्यवस्थाका लागि आवश्यक पहल गरिने र अत्यावस्यक रुपले नगरी नहुने देखिएका निर्माणका योजनाहरुमा आर्थिक श्रोत अभाव हुन नदिनेमा प्रयास गरिने छ ।गत विगत देखि अदालती प्रकृयाको कारण अबरुद्ध भएको नदीजन्य पदार्थको बक्यौता असुल उपर गर्न सफल भएकोले थोरै भनेपनि आर्थिक श्रोतमा सहजता भएको छ ।

- "शिक्षा, स्वास्थ्य, कृषि र पूर्बाधार समृद्ध मनहरीको आधार" भन्ने मूल नाराका साथ सामाजिक एकताको भावनासाथ समृद्ध मनहरी बनाउने र आम महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, आदिबासी जनजाती, चेपाङ्, लोपोन्मुख जाति वनकरीया, अल्पसंख्यक बोटे समूदाय लगायत आर्थिक सामाजिक रुपले पछाडी परेका सबै बर्ग तह र तप्काका जनताको हीतमा कार्य गर्ने दायित्वबोध भएको हामी जनप्रतिनिधि सोही भावनाका साथ अहोरात्र तल्लिन भइरहेको संदर्भमा अझै लगनकासाथ मेहनत गर्नसकेमा हामीले सोचेको समृद्ध मनहरीको सपना साकार बनाउन सकिनेमा बिश्वस्त हुन सकिन्छ ।

- विगत बर्षमा गाउँपालिकाले आवश्यक सेवा प्रवाहको लागि तयार गरेको संगठन संरचनामा अधावधिक गरिएको छ । यसले बिधिवत रुपमा आबस्यक जनशक्ति प्राप्त गर्ने आधार तयार गरेको छ । सेवा प्रवाहको लागि वडा कार्यालयहरुको भवनहरुको निर्माण कार्य अगाडी बढाईएकोमा प्राय सबै वडा कार्यालय निर्माण सम्पन्न भइ सञ्चालनमा आइसकेको छ,वडा नं ४ को भवन यस बर्ष निर्माण थालनी हुने छ । संगठन संरचना अनुरुपका प्राविधिक जनशक्तिको पदपूर्ति र भएका जनशक्तिलाई उत्प्रेरित गरी टिकाइराख्ने र खासगरि पालिका स्तरीय सेवा प्रबाहलाई ब्यबस्थित गर्न आफ्नै केन्द्रिय प्रशासनिक भवन बनाउने प्रकृयाकालागि नेपाल सरकारबाट जग्गा समेत प्राप्त भइसकेकोले यसै बर्ष देखि प्रशासनिक भवन निर्माणको थालनी गरिने छ ।राष्ट्रिय बन क्षेत्रको ०.२ हेक्टर जग्गा पालिका प्रशासनिक भवन बनाउन मन्त्रीपरिषदबाट निर्णय भएकोले नेपाल सरकारलाई विशेष धन्यबाद सहीत आभार ब्यक्त गर्न चाहन्छु ।

**विकास र समृद्धिको लक्ष प्राप्तिका लागि गरिएका प्रयास, अबसर तथा चुनौतिः**

- प्रदेश राजधानीसँग जोडिएको र गाउँपालिकाका ९ मध्ये ४ वटा वडाहरु राजमार्गसँग जोडिएको अबस्थामा पनि शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पछाडी परिरहेको यस मनहरीको समग्र शिक्षाको अबस्था सुधार गर्न बिशेष जोड दिइएको छ। आर्थिक अभावको कारण बिधालय जानबाट बञ्चित बालबालिका तथा श्रोत अभावको कारण शिक्षक ब्यबस्थापन गर्न नसकेका बिधालयलाई उल्लेख्य छात्रबृत्ति र अनुदानको ब्यबस्था गरिरहेकाछौं। प्रत्येक वडामा सामूदायिक स्वास्थ्य केन्द्र, एक स्थानमा नागरीक आरोग्य केन्द्र स्थापना तथा संचालन बाट पक्कैपनि मनहरीबासीले बिगत भन्दा सुधारिएको स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन । मनहरी बजारमा निर्माणाधित १५ शैयाको अस्पताल निर्माण सम्पन्न नहुन्जेलकालागि संचालन गरिएको अस्थायी सेवाकेन्द्रबाट राक्सिराङ्ग तथा कैलाशका जनता समेतले सेवा लिइरहेका छन।मनहरी अस्पताल निर्माण सम्पन्न भएपश्चात मनहरी बासी मात्र नभइ उत्तरी क्षेत्रका जनता देखि राजमार्गका यात्रु समेतले विशेषज्ञ सेवा पाउन सक्ने अबस्था सिर्जना गर्न लागि परेकाछौं। पूर्बाधार तर्फ पालिकाकै गौरबका योजना स्वरुप अगाडी बढाइएका पाँचवटा मध्य चार वटा पक्की पुल चालु बर्ष २०८०-०८१ मै सम्पन्न हुनाले साबिक हाँडीखोलाको भूगोल जोडेपछि यस भेगका समग्र कृषकहरु लाभान्वित हुने र त्यता तर्फको भूगोलकोलागि आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको चकरी-लामिटार सडक पूर्ण कालोपत्रे सहीत निर्माण/स्तरीकरण सम्पन्न गर्न सकेमा निश्चय पनि मनहरीका आधा भन्दा बढी जनसंख्याले संतुष्टीको स्वास फेर्नेछन।मिति २०८१/०२/२६ गते तिन वटा पुल समुद्धघाटन सहीत संचालनमा आएको पृष्टभूमिमा बाँकी दुई वटा पुल पनि यथासिघ्र संचालनमा आउने र प्रदेश सरकारको आर्थिक लगानिमा निर्माणाधिन रजैया-दर्दरा पुल समेत निर्माण सम्पन्न हुन सकेमा हाम्रा सबै वडाका भूगोलहरु राजमार्गसंग जोडिएको सुखद अबस्था छिट्टै देख्न पाईनेमा कुनै शंका छैन।कृषिमा किसानलाइ आबस्यक यन्त्र उपकरण आफैं रोजेर किन्न पाउने सुबिधा /मल्चिङ्ग प्लाष्टिक/टनेल अनुदान, उत्पादित तरकारी तथा फलफूल भण्डारणका लागि शित भण्डार निर्माण, पशुपालन प्रबर्द्धनमा पशुधन बीमामा अनुदान/प्रदेश सरकारसंग दोहोरो नपर्ने गरि प्रतिलिटर दुग्ध उत्पादनमा सहयोग/कृतिम गर्बाधान सेवा तथा पशुजाँच सेवामा लगानी बढाउने कार्यहरु समृद्ध मनहरीको आर्थिक लक्ष प्राप्तिका लागि गरिएको प्रयासको रुपमा लिन सकिन्छ।

- यस मनहरी गाउँपालिकाको १९९.५२ बर्गकिलोमिटर भूभाग मध्ये अधिकांस कृषि उर्बर भूमि रहेको छ। साबिक हाँडिखोला तर्फ तरकारी, फलफूल, गेडागुडी उत्पादन हुने र मनहरी तर्फ धान लगायतको अन्नबाली र माथिल्लो भेगमा बाख्रा लगायत पशुपालन गरि उत्पादनमा आधारित स्वरोजगार बन्ने अबसर रहेको यहाँ प्रशस्त मात्रामा नदी उकास जमिनहरु अझै बाँझो रहेको र यातायातको समेत सहज पहुँच भएको कारण त्यसको सदुपयोगबाट रोजगारी सिर्जना गर्ने सकिने प्रचुर सम्भावना छ। प्रदेश राजधानी नजिकै रहेको हाम्रो पालिकाको ६ नं वडाको भूगोलमा बागमती प्रदेश सरकारबाट समेत उधोग ग्राम बनाउन तयार गरिएको DPR सहीतको गुरुयोजना कार्यान्वयन गर्न सकिए थप रोजगारीका अबसर

प्राप्त भई युवा जनशक्ति विदेश पलायनलाई समेत रोक्न सघाउ पुग्ने र घोषणा गरिएको समृद्ध मनहरी बनाउन सकिने कुरालाई अबसरको रुपमा लिन सकिन्छ।

- यस गाउँपालिकाको दक्षिण तथा पश्चिम तर्फ रहेको पर्सा र चितवन राष्ट्रिय निकुञ्जको संरक्षित क्षेत्र र मध्यबर्ती भूभाग प्राकृतिक तथा पर्यावरणीय हिसाबले महत्वपूर्ण हुँदाहुदै पनि बिधमान द्वैध कानुनी संरचानको कारण जल, जमिन र जंगलमाथिको अधिकारबाट स्थानीय बासिन्दा लाभान्वित हुनबाट बञ्चित रहनु र महत्वपूर्ण स्थानीय आर्थिक श्रोतको रुपमा रहेको नदीजन्य पदार्थको उपयोगमा नियन्त्रण हुनु समृद्ध मनहरी बनाउने बिषयको मूख्य चुनौती हो भने अधिकांस मध्यबर्ती बस्तीमा सोही निकुञ्जबाट बस्तिमा भित्रने जंगली जनाबरबाट हुने धन जनको क्षति, चुरे पहाडको छेउमा बस्ती तथा खेती योग्य जमिन भएकोले खहरेबाट हुने भू-क्षय तथा जमिनको कटान अर्को चुनौतीको रुपमा रहेको छ।

- सुगम भौगोलिक पहुँचको अबसर सदुपयोग गर्दै आर्थिक विकासको माध्यमबाट गरिवि निबारण र भोकमरी अन्त्य गर्न सकिने प्रचुर सम्भावना रहेको यस पालिकाको राष्ट्रिय जनगणना २०७८ अनुसारको तथ्याङ्क हेर्दा अझै पनि निरपेक्ष गरिबिको दर २५.६१ प्रतिशत हुनु,ज्याला मजदुरी पेशा व्यवसायबाट जिविका चलाउने परिवार ३६.२४ प्रतिशत देखिनु,गैर कृषि पेशा (उद्यम व्यापार र नोकरी) मा निर्भर परिवार १२.४ प्रतिशत मात्र रहनु,व्यावसायिक/प्राविधिक सीपयुक्त दक्ष जनशक्ति २८८ जनाको मात्र तथ्याङ्क रहनु,साक्षरता दर ७७.७ प्रतिशत मात्र भइ सत प्रतिशत पुरा गर्न बाँकी रहनु,पाइप धाराको खानेपानीबाट लाभान्वित घरपरिवार ६६.९ प्रतिशत मात्र भएको देखिनु,अझै सम्म पनि शौचालय नभएको घरपरिवार ६.२८ प्रतिशत बिधमान हुनु तथा बिधुत सेवा नपुगेको घर परिवार ३.८ प्रतिशत देखिनुले थप चुनौती हाम्रो सामु बिधमान रहेको आँकलन गर्न सकिन्छ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारः**

नेपालको संबिधान २०७२ को अनुसुची-८ मा भएका एकल अधिकार लगायत अन्य धाराहरुमा उल्लेखित दायित्व तथा जिम्मेवारी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका प्राबधान, मनहरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यबिधि, २०७९, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकता र मार्गदर्शन, पन्धौ योजनाले परिलक्षित गरेका प्राथमिकताहरु तथा दीगो विकासका गरिबि र भोकमरी हटाउने, गुणस्तीय शिक्षा र स्वास्थ्यको ब्यबस्था गर्ने, लैंगिक समानता तथा समाबेशीकरण, सफा खानेपानी तथा स्वच्छ उर्जा, आर्थिक समृद्धि, नविनतम खोज, सामाजिक असमानता हटाउने, जलबायू अनुकुलन विकास तथा संतुलित उपभोग, ब्यबस्थित बस्ती विकास एबम् शान्ति र न्यायको प्रत्याभूती जस्ता विश्वब्यापी लक्षहरु,राष्ट्रिय आबधिक योजनाले प्राथमिकता दिएको क्षेत्र,प्रदेश तथा यस पालिकाको आवधिक योजनाले तोकेको प्राथमिकता,संघ/प्रदेश तथा आफ्नै पालिकाको नीति,मध्यमकालीन खर्च संरचनाको शिद्धान्त,दीगो बिकास लक्ष,विपद जोखिम न्यूनिकरण तथा ब्यबस्थापन दृष्टीले महत्वपूर्ण,जलबायू परिवर्तन अनुकुलन ,बाताबरण तथा बालमैत्री स्थानिय शासन प्रबर्द्धन,लैङ्गिक समानता तथा सामाजिक समावेशीरण जस्ता अन्तरसम्बन्धित बिषय ,संघ/प्रदेशको आर्थिक नीति तथा अन्य विषय

क्षेत्रगत नीति एबम् स्थानीय सरकार स्थापना तथा सञ्चालनमा भएका ७ बर्ष देखिको ब्यबहारिक अनुभव र सिकाईहरु नै यस नीति तथा कार्यक्रम तर्जुमाका मुख्य आधार रहेको छ।

**चालु आ.ब.०८०/८१ का हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त बिबरणः**

**पूर्बाधार क्षेत्रः**

- स्लाब बाटो निर्माण : ११८५५ मि.
- ग्राभेल बाटो निर्माण : ६९७२ मि.
- नयाँ ट्र्याक निर्माण : २४००० मि.
- रिटेनिंग वाल : ४३२१ मि.
- पक्कि नाला निर्माण : २८४३ मि.
- ग्याविन ड्याम निर्माण : २४८६ m(बाटो सहीतको)
- खानेपानी पाइपलाईन विस्तार कार्य : २४८६ मि.
- ट्वयल धाराः ८५ वटा
- कालोपत्रे सडक निर्माण : २१५७ मि.
- सार्वजानिक भवन निर्माण तथा मर्मत सम्भार : ३२ वटा
- कलभर्ट तथा पुल निर्माणः १७ वटा
- कम्पाउड तारजालि, काडेतारः ३४०१ मि.
- घर नक्सा अभिलेखिकरणः ७४ वटा (यस बर्ष)
- नयाँ घर नक्सा पासः ८ वटा (यस बर्ष)
- जग्गा नापीः ८९ वटा कित्ता (यस बर्ष)
- वडा नं २ सडक स्तरउन्नती,मानेडाँडा-रमौली,वडा नं.८ र ९ को सिमा सडकमा थप स्तरउन्नतीको कार्य भएको,
- ६ वटा सामुदायीक स्वास्थ्य ईकाइ भवन निर्माण सम्पन्न भएको, मनहरी अस्पताल भवन निर्माण कार्य २१ प्रतिशत कार्य प्रगती भएको,
- ४ नं.बाहे निर्माणाधिन सबै वडाको प्रशासनिक भवन निर्माण सम्पन्न भएको,पालिकाको केन्द्रिय प्रशासनिक भवन निर्माण स्थलको जग्गा प्राप्त भएकोले निर्माणकालागि ठेक्का प्रकृयामा रहेको,
- वडा नं ३ भुन्द्रङ्ग क्षेत्रमा तरकारी फलफुल कृषकलाई लक्षित गरी ४०० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणकालागि निर्माण ब्यवसायीसंग सम्झौता भइ हाल सम्म २० प्रतिशत भौतिक प्रगती भएको,
- निर्माणाधिन पाँच वटा पक्की पुल मध्य तिन वटा सम्पन्न भइ उद्धघाटन सहीत संचालन गरिएको, थप एक पुल समेत चालु बर्षमै पुरा भइ संचालनमा आउनेछ भने बाँकी एक पुलको कार्य प्रगति समेत संतोषजनक रहेको, रजैया-दरदरा पक्की पुल निर्माण कार्य सुरु भइ द्रुत गतिले प्रगती भइरहेको,

- ❖ माथिल्लो मसिने खानेपानी,केदारेश्वर खानेपानी,निर्मलबस्ती खानेपानी,जोगिताल सुनाचुरी खानेपानी,सिम्पानी बृहद खानेपानी,ज्यामिरे बृहद खानेपानी,तल्लो मसिने खानेपानी,देवकोट खानेपानी लगायतका बृहत खानेपानीका योजनाहरु ब्यबस्थापन गरिएको, आदि।
- ❖ रुपाचुरी पाङ्गथलिमा झोलुङ्गे पुल निर्माण गर्न थप बजेट माग गरि यस बर्ष उपभोक्ता संग सम्झौता गरि फाउण्डेशन लेभल काम भइ कार्यालयमा मौज्दात फेब्रिकेशन उपभोक्तालाई हस्तान्तरण गरेको, आदी।
- ❖ झण्डै २७५ वटा भन्दा बढी स्थानिय पूर्बाधारका आयोजनाहरु सम्बन्धित स्थानिय उपभोक्ताहरुसंगको सहकार्यमा कार्यान्वयन गरि झण्डै १५ करोड रुपैंया स्थानिय बासिन्दाको टोल बस्तीमा भूक्तानी गरिएको छ,जसबाट स्थानिय बजारमा हुने आर्थिक गतिबिधिमा केही सकारात्मक सकारात्मक सहयोग पुग्न गएको देखिन्छ।
- ❖ जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यबिधि बमोजिम रकम बिनियोजन गरी रु.२ करोडको बिभिन्न योजना कार्यान्वयन गरिएको।

**आर्थिक विकास क्षेत्रः**

- कृषि स्नातक कर्मचारीको साथै कृषि तथा भेटेनरीका कर्मचारी दरबन्दी अनुसार पूर्ति हुदै गएको, कृतिम गर्भाधान कार्यक्रमकालागि थप पशु स्वास्थ्य संयम सेवक परिचालन गरेको,
- ५० प्रतिशत अनुदान कार्यक्रमबाट आफुलाई आबस्यक पर्ने कृषि औजार तथा सिंचाइ मोटर किन्न पाउने ब्यबस्था कार्यान्वयन गरेको, नरीवल बगैंचा स्थापना, अदुवा खेती/धान मकैका उन्नत बिउ बितरण, मल्चिङ्ग प्लाष्टीक वितरण,किशान सुचीकरण, धानबाली पकेट क्षेत्र प्रोत्साहन, माटो परीक्षण लगायत कृषि प्रबर्द्धनात्मक कार्य गरेको,
- लोपोन्मुख बनकरीया जाति तथा शहीद परिवार र बिपन्न परिवारमा आय आर्जनकालागि पाडी बितरण, बाख्रा प्रबर्द्धन, हरीयो घाँस प्रबर्द्धन, दुग्ध किसानलाई अनुदानमा निरन्तरता, कृतिम गर्भाधान कार्यका लागि AI Mission, नियमित तथा आपतकालिन पशु स्वास्थ जाँच सेवा, पशु आहार तथा औषधी कार्यक्रम आदीमा सेवा सुबिधा प्रवाह गरेको,
- कपाल काट्ने, गारमेन्ट तथा तयारी पोशाक बनाउने, दुग्धको बिभिन्न परिकार बनाउने लगायत लघु उधमी बनाउन गरिबि निबारणकालागि लघु उधम कार्यक्रम संचालन गरेको,
- प्रधानमंत्री रोजगार कार्यक्रमबाट ७१ जनालाइ झण्डै ४५ लाख रकम ज्याला स्वरुप भूक्तानी गरेको, सुरक्षित आप्रबासन सम्बन्धि SaMi कार्यक्रमबाट बैदेशिक रोजगारीमा गएका परिवारका सदस्यले मनोसामाजिक तथा बित्तिय साक्षरता कक्षाबाट लाभ लिएका छन भने बैदेशिक रोजगारीमा जान तयारी गरेका युवाहरुलाई मर्यादित र सुरक्षित रुपले संलग्न हुन रिटर्नी संयम् सेवक परिचालनको माध्यमबाट परामर्श सेवा प्राप्त गरिरहेका छन।
- सहकारी संस्थाहरुलाई COPOMIS तालिम सहीत अन्य समन्वयात्मक कार्यक्रमको माध्यमबाट पालिकासंग सम्बन्ध स्थापित गर्नमा प्रोत्साहन भइ रहेको छ।

**सामाजिक विकास क्षेत्रः**

- मनहरी अस्पतालमा OPD समय बिस्तार गरिएको छ,रक्त संकलन केन्द्रलाई सहयोग पुग्नेगरि नेपाल रेडक्रश सोसाइटीलाइ सहयोग गरिएको छ,जेष्ठ नागरीकलाइ घरदैलो स्वास्थ्य सेवा मार्फत घरमै गइ स्वास्थ्या जाँच र औषधी बितरण गरिएको छ।
- गर्भवती महिलाको जाँच गर्न निशुल्क भिडियो एक्सरे सहीतको सेवा,अण्डा तथा क्याल्सियम वितरण,सुत्केरी महिलालाइ पोषणा प्याकेट लगायत प्राथमिक सुबिधाहरु उपलब्ध गराइदै आएको छ।PNC home visit कार्यक्रम निरन्तर संचालन गरिएको छ।
- महिला स्वास्थ्य स्वयंसेविकालाइ सम्मान तथा सहयोग,विपन्न विरामीहरुका लागि एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट,निशुल्क औषधि बितरण लगाएतको कार्यहरु निरन्तर गरिएको छ।
- विपन्न परिवारको स्वास्थ्य गरिबसंग विश्नेश्वर स्वास्थ्य वीमा कार्यक्रमबाट २०० परिवार लाभान्वित भएका छन भने,रुपाचुरी बालभन्ज्याङ क्षेत्रका गर्भवती महिलाहरुलाइ स्वास्थ्य संस्थामा सुत्केरी हुन आउदा पाउने प्रोत्साहन रकममा थप उपलब्ध गराइएको छ।
- मातृ तथा नवशिशु कार्यक्रम सन्चालन,रेबिज नियन्त्रण कार्यक्रम,परिवार योजना सेवा,आकास्मिक रोग नियन्त्रण कार्यक्रम,दादुरा रुबेला खोप अभियान संचालन एवं ब्यबस्थापन जस्ता स्वास्थ सेवा प्रवाह भइ रहेको छ।
- शैक्षिक क्यालेण्डर निर्माण,गणीत शिक्षा लगायत विबिध विषयमा शिक्षक तालिम आयोजना गरि शैक्षिक जनशक्ति विकास गरिएको छ।अभिभावक सचेतना कार्यक्रम सहीत गाउँ शिक्षा योजना निर्माण गरि समग्र शिक्षाको गुणस्तर अभिबृद्धीमा हर सम्भव प्रयत्न  गरिएको छ।कार्य सम्पादन करार सम्झौता गर्ने प्र. अ.हरुको लागि प्रोत्साहन भत्ता सहीत लामो समय बसेको बिधालयबाट नयाँ स्थानको अनुभव सहीत शैक्षिक सुधार गर्नेगरि हाल प्रा.बि.तहका प्र.अ.हरुको ईच्छा मुताविक प्र.अ.सरुवा कार्यान्वियन गरि थप उत्प्रेरित गरिएको छ।
- करार तथा निजी स्रोतमा कार्यरत शिक्षकहरुको क्षमता परीक्षण गरि पुनरस्थापित गरिएको छ।उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थी पुरस्कृत गर्ने कार्य भएको छ।बिधार्थि संख्याको आधारमा राख्न पर्ने निजि श्रोतको शिक्षक ब्यबस्थापन गर्न प्रति बिधार्थि आधारमा शिक्षक ब्यबस्थापन अनुदान प्रदान गरिएको छ भने आर्थिक अभावको कारण माथिल्लो शिक्षा प्राप्त गर्न बञ्चित जुनसुकै तहका बिधार्थि लाभान्वित हुने गरिगरिबसँग विश्वेस्वर शैक्षिक सहायता कार्यक्रम संचालन गरिएको छ।
- अध्यक्ष कप फूटबल,उपाध्यक्ष कप भलिवल लगायत विबिध खेलकुदमा यूवाहरुलाइ जोडिएको छ,वडा अध्यक्ष कप फूटवलहरु सहीत बिभिन्न खेलकुदका गतिबिधि संचालन गर्न खेलकुद विकास समिति परिचालन गरिएको छ।

- नगर प्रहरी परिचालन गरि गुट्का जन्य पदार्थ नियन्त्रणको थालनि भएको छ,विभिन्न किसिमको नेतृत्व तथा क्षमता विकास तालिम संचालन गरिएको छ ।शिपमूलक तालिमको माध्यमबाट स्वरोजगार सृजना गर्न मद्धत गरिएको छ ।
- महिला,बालबालिका,वोटे,बनकरीया,दलित समुदाय,चेपाङ्ग समुदाय,आदिबासी जनजाती बर्गको हीतमा सामाजिक योजना,जेष्ठ नागरीक सम्मान,अपाङ्गता सहायता सामग्री बितरण,लैंगिक हिंसा निवारण सम्बन्धि अभियान आदी लक्षित बर्गको उत्थानमा योगदान पुगेको छ ।लागुऔषध दुर्व्यसन रोकथाम तथा जनचेतनामुलक कार्यक्रम सहीत क्षमता विकासको कार्यक्रमबाट युवाहरुलाई उत्प्रेरित गर्ने कार्य गरिएको छ । अल्पसंख्यक मुस्लिम महिलालाई तालिम, द्धन्द पिडित तथा शहीद परिवार सम्मान, मजदुर हीत र सुरक्षा, गै.स.स.संग अन्तरकृया लगायत कार्यबाट सबै बर्ग तह तप्का र लिङ्ग एबम् लैंगिक अल्पसंख्यक समेतले पालिकालाई अविभावक महशुस गरिरहेका छन ।प्रदेश सरकारसंगको सहकार्यमा अविभावक बिहीन बालबालिकालाइ मासिक रु.२००० निर्बाह भत्ता उपलब्ध गराउने कार्य निरन्तर संचालन गरिएको छ ।
- टोल विकास संस्थाहरुलाइ तालिम तथा विभिन्न किसिमको समाग्री सहयोगको माध्यमबाट सबलिकरण गरिएको छ, विभिन्न समुदायलाइ भाषा, धर्म, संस्कृति संरक्षण र पर्ब प्रोत्साहनको माध्यमबाट सहयोग गरिएको छ ।मानव सेवा आश्रम लगायत संस्थालाई अनुदान सहयोग,पहेंलो कार्ड वाला आंशिक अपाङ्गता भएका ब्यक्तिहरुलाई निर्बाह भत्ता,अपाङ्गता भएका ब्यक्तिहरुलाइ समुदायमा आधारित पुनरस्थापना कार्यक्रम तथा  पूर्ण अशक्त अपाङ्गहरुलाइ ब्यक्तिगत सहयोगी कार्यक्रम निरन्तर संचालन गरिएको छ ।बालमैत्री सहजकर्ताको परिचालनबाट बाल बिबाह,बाल श्रम नियन्त्रण रोकथामको प्रयत्न भइ रहेको छ ।
- स्वच्छ खानेपानी ब्यबस्थापनकालागि खानेपानी तथा सरसफाइ समिति गठन तथा परिचालनको माध्यमबाट क्रमश सबै वडाहरुमा एक घर एक धारा सहीतको स्वच्छ खानेपानी व्यबस्थापन हुदै गएको छ ।
- अशक्त बृद्ध हरुलाइ सम्बन्धित बैंक संगको सहकार्यमा वडामै सामाजिक सुरक्षा भत्ता वितरणको माध्यमबाट केही सहज बनाइएको छ ।
- विभिन्न सफ्टवेयर तथा सूचना प्रबिधिको माध्यमबाट थप पारदर्शि र शुसासन युक्त सेवा प्रवाहको थालनी भएको छ ।मुख्य बजारको बिभिन्न क्षेत्रमा सिसिटिभि जडान गरि प्रबिधिको माध्यमबाट सुरक्षा निगरानी संजाल बनाइएको छ ।

**वातावरण तथा विपद् ब्यबस्थापन क्षेत्रः**

- डढेलो/आगलागी नियन्त्रण अभिमुखिकरण कार्यक्रम संचालन गरिएको,प्रकोप ब्यबस्थापन तथा महामारी नियन्त्रण सम्बन्धि चेतनामूलक कार्य गरिएको छ,खुल्ला चौर तथा स्थानमा आय आर्जन सहीतको हरीयाली कायम गर्न वडा नं.४ र ७ मा नरीवल लगायको वृक्षारोपण कार्यक्रम संचालन गरिएको छ ।

- विपद् पुर्व तयारी अभिमुखिकरण कार्यक्रम तथा मनसुन जन्य विपदबाट क्षेति पुगेका निजि आवास पुनरस्थापनामा सहयोग गरिएको छ ।विपद ब्यबस्थापन कोषलाइ थप सबल बनाइएको छ ।
- हावाहुरी तथा आगलागी पिडीतलाई राहत उपलब्ध गराउने कार्यबिधि बमोजिम १० हजार/२० हजार उपलब्ध गराउने गरिएको,
- बन्य जन्तु आक्रमण,प्राकृतिक प्रकोप तथा विभिन्न शारीरीक रोग लागि उपचार गर्न आर्थिक अभाव भएका ब्यक्तिहरुलाइ कानून बमोजिम यथासक्य आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- बर्षात तथा बाढीको कारण क्षेत विक्षत भएका सडकहरु तत्कालै मरमत सम्भार तथा सरसफाइ गरी आवागमन सुचारु गरेको, आवश्यक स्थानहरुमा अस्थायी काठेपुल निर्माण गरि आबागमनलाई सहज बनाइएको,
- प्रदेश सरकार, संघ सरकार समेतबाट थप बजेट ब्यबस्थापन गरी र आफ्नै श्रोतबाट समेत बिभिन्न झोरा नियन्त्रण, खोला नियन्त्रण, तटबन्धन तथा बृक्षा रोपण गरी जनधनको सुरक्षा तथा बस्ती एबम् तथा खेतीयोग्य जमिन संरक्षण गरी नदी उकास जमिन खेती योग्य तुल्याएको ।

**शुसासन तथा संस्थागत विकास क्षेत्रः**

- जन प्रतिनिधि तथा कर्मचारीहरुलाइ विभिन्न प्रकारका क्षमता विकास कार्यक्रम प्रदान भएको छ,बजारमा बिक्रि हुने खाध बस्तुको स्वच्छता परीक्षण गर्न बजारको अनुगमन,बिभिन्न किसिमले सुझाव संकलन,सार्बजनिक सुनुवाइ तथा सार्बजनिक परीक्षण जस्ता शुसासन तथा पारदर्शिताका औजारहरुको प्रयोगबाट स्थानिय सरकारलाइ जनता प्रति जवाफदेही बनाउने कार्य भइरहेको छ ।
- स्थानिय तह संस्थागत क्षेमता स्वःमूल्याङ्कन(LISA),स्थानिय तह वित्तिय जोखिम मूल्याङ्कन(FRA),राष्ट्रिय वित्त आयोगको मूल्याङ्कन प्रणाली आदिबाट पालिकाले जिल्लाभरमा उत्कृष्टता हाँसिल गरेको अबस्था भएकोले पूर्ण जन उत्तरदायी स्थानीय सरकार संचालनमा हामी सफल रहेका छौं ।गत विगत देखिको बाँकी बेरुजुहरु सम्परीक्षण गराउदै घटाउन सफल हुनु तथा विगत दुई आ.ब.को बेरुजु नगण्य हुनु शुसासन युक्त प्रशासन मनहरी गा.पा.मा रहेको देखिने ज्वलन्त प्रमाण हुन ।
- चालु बर्ष परिमार्जन सहीत तयार गरिएको संगठन तथा ब्यबस्थापन सर्बेक्षण(O and M) तथा क्षमता विकास योजना(CD Plan) निर्माण गर्न सफल भएबाट पालिकाको सेवा प्रवाह संगठनात्मक रुपले थप प्रभावकारी हुदै जाने देखिएको छ ।
- यस बर्ष तयार हुने दोश्रो आबधिक योजना(PDP),भू-उपयोग कार्यक्रम तर्जुमा (Land use Plan) तथा मध्यमकालीन खर्च संरचना(MTEF) को तयारी पश्चात लागू हुँदै जाँदा मनहरीलाइ आर्थिक सामाजिक रुपले थप शसक्त बनाउन सकिने देखिन्छ ।
- २०८० श्राबण २० गते बार्षिक समिक्षा भएकोमा हरेक बर्ष सार्बजनिक सुनुवाई समेत गर्ने गरिएको छ,

- ७२७ मध्ये ६९३ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको आबेदन अनलाईन निस्सा वितरण गरी सकिएकोमा ७७२४ अब्यबस्थि बसोबासीको आबेदन सबै अनलाइन इन्ट्री भइसकेको छ,चालु बर्ष संकलित थप आबेदनलाइ समेत अनलाइन ईन्ट्री सुचारु रहेको छ ।
- न्यायिक ईजलासको नयाँ ले-आउट सहीतको ब्यबस्थापन बाट स्थानिय न्यायिक सम्पादन प्रकृया थप सहज बनेको छ ।वडागत मेलमिलापकर्ताहरुको थप ब्यबस्था, मेलमिलापकर्तालाई प्रदान गरेको न्यायिक ब्यबस्थापन तालिम तथा मेल मिलाप सत्र ब्यबस्थापनबाट थप शसक्त बनाइएको छ,
- शुसासन तथा संस्थागत विकासकालागि अपनाइएको आन्तरीक नियन्त्रण प्रणाली,बिधायन, विकास तथा सुशासन, लेखा समिति गठन बाट पालिकाको कार्य बुझ्न सहज पहुँच रहेको,प्रत्यक कार्यपालिका बैठक कार्यालयको वेवसाइटबाट प्रकाशन गरिने कार्य प्रदेश भरमै पारदर्शिता र जवाफदेहीताको दृष्टीकोणले अनुकरणीय रहेको ।
- स्थानीय सार्बजनिक खरिद नियमावली तर्जुमा गरी लागू गरिएको,
- राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यबिधि बमोजिम बैठक संचालन तथा निर्णय प्रकृयाहरु कार्यान्वयन भएको छ, आन्तिरक आम्दानी सुनिश्चित गर्नको लागि मनहरी/लोथर लगायत खोलाहरुबाट नदीजन्य सामग्री उत्खनन गरी निकासी गर्ने काम भएको छ ,
- वडा नं ४ को स्वास्थ्य संस्था भवन निर्माणको लागि निशुल्क जग्गा प्राप्त गरेको,
- रिक्त प्राबिधिक दरबन्दीहरु पदपूर्तिको लागि निरन्तर लोकसेवा आयोगमा माग गर्ने गरेको,
- घर नक्सा पास कार्यलाई ब्यबस्थित बनाइएको/भवन नक्सा अभिलेखिकरण कार्य सञ्चालन गरेको,
- पालिकाको प्रगति सूचना सम्प्रेषणलाई नियमित,पारदर्शी र ब्यबस्थित बनाउन समय समयमा पत्रकार सम्मेलन मार्फत अन्तरकृया गर्ने गरिएको,
- गाँउपालिकाको डिजिटल प्रोफाइल निर्माण गर्ने कार्य सम्पन्न,

**सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक बर्ष ०८१/०८२ को लागि बिषय क्षेत्रगत रुपले तर्जुमा गरिएको नीतिहरु पेश गर्न चाहन्छु ।

## १. आर्थिक विकासः

### १.१ कृषि तथा पशुपन्छी विकासः

- कृषि उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसँग प्रत्यक्ष समन्वय गरिनेछ। मुख्य बालीहरुको न्यूनतम समर्थन मूल्य तोकिनेछ।

- कृषि उत्पादन वृद्दिका लागि उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत उत्पादित आलु, प्याज लगायत अन्य तरकारी तथा अन्न वालिमा समेत सम्भाव्यता अध्यन गरि मूल्य अनुदान प्रदान गरिनेछ।
- उत्पादनोपरान्त हुने क्षति न्यूनीकरणको लागि कोल्ड स्टोरेजको व्यवस्था गर्न आवश्यक समन्वय गरी विशेष अनुदान दिइनेछ।
- खेतीयोग्य बाझो जमिनको यथार्थ तध्याङ्क संकलन गरी बाझो जग्गा उपयोगमा ल्याउन प्रोत्साहन गरिनेछ । कृषकलाई संघीय कानून बमोजिम औषधीजन्य प्रयोजनकोलागि गाँजा खेती प्रबर्द्धमा सहयोग गरिने छ ।
- कृषि सेवा केन्द्रमा माटो परिक्षण प्रयोगशाला स्थापना गरी निःशुल्क माटो परिक्षण सेवा प्रदान गरिनेछ। परिक्षणको आधारमा चुन तथा सुक्ष्म तत्वहरु ५०% अनुदानमा वितरण गरिनेछ।
- सम्भाव्यताका आधारमा तुलनात्मक लाभ भएका वस्तुहरुको पहिचान गरी पकेट क्षेत्र, सामुहिक खेति, करार खेति तथा चक्लाबन्दी खेति लाई प्रोत्साहन गरिनेछ ।
- कृषि बिमा कार्यक्रमलाई प्रभावकारी र पहुँचयोग्य बनाई बिमा प्रिमियममा लाग्ने शुल्क पालिकाको आर्थिक क्षमता विश्लेषण गरि विपन्न कृषकको लागि पूर्ण निशुल्क सहित सबै कृषकको तोकिएको प्रतिशत गाउँपालिकाले व्यहोर्ने व्यवस्था गरिनेछ । कृषि बालि विमा तथा पशु विमा योजना कार्यान्वयन गर्न विमा कर्मचारीको व्यबस्था मिलाईने छ ।
- कृषकको वित्तीय पहुँच सुनिश्चितताको लागि वित्तीय संस्था तथा गाउँपालिकाको सम्झौतामा कृषि ऋण कोष स्थापना गर्न सम्भाव्यता अध्यन गरिने छ। किसान कर्जा कार्डको व्यवस्था परीक्षण स्वरुप सुरुवात गरीने छ ।
- कृषि प्राविधिकहरुको क्षमता अभिवृद्दि गर्न आवश्यक तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषक तालिम, मेला प्रदर्शनी, कृषक दिवस, प्रतियोगिता, कृषक पाठशाला, उत्कृष्ट कृषक सम्मान, बाली उपचार शिविर लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।
- कृषकहरुले अनुसरण गरेका नविनतम सफल प्रविधि तथा कृषकको सफलताको कथा प्रकाशन तथा प्रचार प्रसार गरिनेछ।
- सरकारी अनुदान व्यवस्थापन, कृषकहरुको समस्या तथा गुनासोको समाधान घर घरमै प्राप्त गर्नका लागि सफ्टवयरको व्यवस्था गरिनेछ।

- गाउँपालिका अनतर्गतका कृषि उपज संकलन र प्रशोधनमा संलग्न संघ-संस्थाहरुलाई विशेष प्रोत्साहन गरिनेछ।
- सरकारी निजी साझेदारीमा एक नमुमा कृषि पर्यटन गाँउ स्थापनाका लागि आवश्यक अध्यन गरिनेछ।
- वातावरणमैत्री पद्वतीलाई जोड दिदै प्राङ्गारिक खेति प्रवर्द्वन क्षेत्र स्थापना गरिनेछ।
- विपन्न कृषकको क्षमता अभिवृद्दि गरी एक वडा एक उत्पादन कार्यक्रम सुरुवात गर्ने नीति अबलम्बन गरिनेछ।
- कृषि तथा पशुपन्छीमा उपलब्ध गराइने अनुदानलाई थप व्यवस्थित गर्दै तथा साना कृषकलाई आत्म निर्भर बनाउन बाख्रा पालन तथा बंगुर पालन पैँचो कार्यक्रमलाई निरन्तरता दिइनेछ । गोठ/भोक सुधार गर्ने कार्यमा प्रोत्साहन गरिने छ ।
- पशुपालनलाई प्रबर्द्धन गर्ने गरी साविकमा सञ्चालनमा रहेको गाई भैँसीको कृत्रिम गर्भाधान कार्यलाई निशुल्कः रुपमा निरन्तरता दिइनेछ ।
- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध बिक्री गर्ने किसानलाई प्रति लिटरका दरले उपलब्ध गराउदै आएको नगद प्रोत्साहन कार्यक्रमलाई प्रदेश सरकारसंग समन्वय गरि निरन्तरता दिईनेछ ।
- कृषि तथा पशुपन्क्षी बजार ब्यबस्थापको लागि प्रदेश सरकारसँग समन्वनयमा कार्य गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका कम्तिमा एक हजार लैना पशुहरुको बीमा गर्न आवश्यक बीमा प्रिमियम रकममा ५० % अनुदान दिइनेछ ।
- पशुपालनलाई प्रोत्साहन गर्न पोषणयुक्त घाँसे वालिको विकास गर्नुपर्ने हुँदा सो को लागि संघीय सरकारसँगको सहकार्यमा हरियो घाँस विस्तार कार्याक्रम सञ्चालन गरिनेछ ।
- उन्नत बाख्रा पकेट क्षेत्र कार्यक्रम लागु गरिनेछ प्रदेश सरकारसँगको साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि एवं पशु पंछी जन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी स्टार्टअप नवप्रवर्द्धन कार्यक्रमका लागि बिशेष ब्यबस्था गरिनेछ ।
- पालिका भित्रको उपयुक्त क्षेत्रमा अन्नबालिको मूल बिउ उत्पादन कार्यक्रम सुरुवात गरिने छ ।
- दुग्ध जन्य पदार्थको उत्पादनलाई प्रवर्द्धन गर्न प्रदेश सरकारसंगको सहकार्यमा उन्नत जातको भैंसी पालन गर्ने कार्यक्रममा सहयोग गरिनेछ ।

- कृषकहरुले विक्रि गरेको दुग्धको भूक्तानीमा हुने गरेको ढिलाईलाइ मध्यनजर गरि दुग्ध उत्पादक सहकारी,दुग्ध खरीद गर्ने संस्था र पालिका विच त्रिपक्षिय सम्झौता गरि मासिक रुपमा भूक्तानी हुने प्रणालीको विकास गरिने छ।

## १.२ सहकारी

- पालिका क्षेत्र भित्र संचालित सहकारीहरुको ब्यबस्थापन क्षमता विकासकोलागि COPOMIS लगायतका तालिमहरु संचालन गरिने छ।
- कृषि तथा महिला सहकारी संस्था मार्फत सिपमूलक,स्वरोजगारमूलक तालिम सञ्चालन गर्नुको साथै ब्यबसाय संचालनकालागि प्रबिधि हस्तान्तरण सहयोग गरिने छ।
- सहकारी संस्थाहरुको नियमन कार्यलाई प्रभावकारी बनाउन सहकारी शाखा फाँटको पुनरसंरचना सहीत सेवा उपलब्ध गराइने छ।
- बिषय क्षेत्र तथा भूगोल मिल्ने सहकारी संस्थाहरु एकीकरण (मर्ज) गर्ने कार्यमा प्रोत्साहन गरिने छ।
- सहकारी संस्था र पालिकाविचको अन्तरसम्बन्ध संस्थागत रुपले मजबुत बनाईने छ।

## १.३ घरेलु तथा साना उद्योग, रोजगार र सिपमुलक तालिम:

- स्थानीय सिपलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन, क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु सञ्चालन गरिनेछ।
- पालिकामा भएको उधोग शाखालाई थप ब्यवस्थित गरि सेवा प्रवाह गरिने छ
- पालिकाभित्र बसोबास गर्ने विपन्न,गरिब,दलित,जनजाती,बैदेशिक रोजगारीबाट फर्केका,महिला तथा भिन्न क्षमता भएका व्यक्तिहरुलाइ उत्पादनमूलक तथा सेवामूलक व्यबसाय कार्यक्रम संचालनमा सहयोग गरिने छ।
- स्थानीय कच्चा पदार्थको प्रयोग हुने गरी झोला र दुनाटपरी जस्ता सामग्री बनाउने तालिम सञ्चालन गरिनेछ। त्यसरी उत्पादन हुने सामग्रीको बजार प्रबर्द्धनमा पालिकाले सहयोग पुर्याइनेछ।
- व्यवसायिक परामर्श सेवा तथा व्यवसायिक योजना तयारी तालिम दिइनेछ।
- कोशेली घर निर्माण तथा सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ।
- औधोगिक मेलाहरुमा स्टल व्यवस्थापनका लागि सहयोग पुर्याइनेछ।
- परम्परागत पेशा वा सो सम्बन्धि शिपलाइ सम्बर्द्धन तथा बिकास गर्ने कार्यमा सहयोग गरिने छ।

- थाकलको व्याग तथा अन्य स्थानिय कच्चा पदार्थ जस्तै खोस्टाका फूलहरु,चकटी,दुना टपरी,बाँसका सामग्रीहरु उत्पादन तथा परालका गुन्द्री बनाउने तालिम संचालन गरिने छ।
- यस अघि विभिन्न कार्यक्रमको माध्यमबाट तयार गरिएका उधमीहरुको अबस्था मूल्याङ्कन गरि स्तरउन्नती सहीतको पुनरताजगी कार्यक्रम संचालन गरिने छ।
- संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाको पहल गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग स्थानीय तहबाट सामाग्री खरीदको लागि बजेट विनियोजन गरी लागत साझेदारीमा कार्यक्रम संचालनलाई प्रोत्साहन दिईने छ।
- श्रम तथा रोजगारीका क्षेत्रमा यस गाउँपालिकाबाट वार्षिक विनियोजित रकम मध्येबाट अधिकतम रकम श्रम तथा रोजगारीको क्षेत्रमा विनियोजन गरिने छ।
- वैदेशिक रोजगारीबाट स्वदेश फर्केका व्यक्तिहरुले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवद्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकिकरण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका तथा वैदेशिक रोजगारीमा मात्र संलग्न व्यवसायिक फर्म, कम्पनी तथा समुहलाई उत्पादनमा आधारीत अनुदानका कार्यक्रम संचालन गरिनेछ।
- वैदेशिक रोजगारीको लागि प्रदान गरिने श्रम स्वीकृती र नविकरण गर्न काठमाडौं वा अन्य निकायसम्म धाउन पर्ने विद्यमान अवस्थाको अन्त्य गर्दै रोजगार सेवा केन्द्र मार्फत नै श्रम स्वीकृती तथा नविकरण सहजीकरण सेवालाई थप प्रभावकारी बनाईने छ।
- वैदेशिक रोजगारी तथा अन्य क्षेत्रबाट यस पालिकामा फर्किएका स्थायी बासिन्दालाई कृषि पेशामा आवद्ध गराउने कार्यलाई विशेष जोड दिइनेछ।
- आगामी ५ वर्ष भित्र यस पालिकामा स्थायी रुपमा बसोवास गर्ने विभिन्न दक्षता तथा सीप भएका व्यक्तिहरुको सीप परिक्षण गरी सीप प्रमाणीकरण गरिने छ।
- यस गाउँपालिका भित्र संचालन हुने ठुला विकास निर्माणका आयोजनाहरुमा कम्तीमा २० प्रतिशत जनशक्ति (कामदार) अनिवार्य यसै पालिकामा बसोबास गर्ने स्थायी बासन्दिाहरु मध्येबाट उक्त आयोजनामा लगाउनु पर्ने व्यवस्था गरिने छ।
- विभिन्न व्यवसाय, उद्यम तथा स्वरोजगारी सिर्जिना गर्न इच्छुक नव प्रवेशि युवाहरुलाई रोजगार मुलक विभिन्न किसिमका सीप मुलक तालिमको व्यवस्था गरिने छ।
- सफल युवा नामक रोजगार सम्बन्धि रेडियो कार्यक्रम संचालन गरिने छ।

- यस पालिका भित्रको रोजगारको अवस्था, समस्या र चुनौतीको विषयमा जनप्रतिनिधि तथा सरोकारवालासँग बृहत अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।
- पालिका स्तरीय श्रमाधान रोजगार मेलाको आयोजना गरिने छ।सुरक्षित आप्रबासन कार्यक्रम अन्तरगत वित्तिय साक्षरता कक्षा र मनोसामाजिक परामर्श कक्षा थप वडाहरुमा विस्तार गरी संचालन गरिने छ। साथै यस कार्यक्रममा सहभागी महिलालाई लक्षित गरि स्वरोजगारमूलक कार्यक्रम ल्याईनेछ।
- बाध्यात्मक बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाई प्राप्त बिप्रेषणको सही सदुपयोग तथा उत्पादन मूलक कार्यमा लगाउन प्रेरणा पुग्ने गरी सुरक्षित आप्रबासन कार्यक्रम कार्यान्वयन गरीने छ।
- बैदेशिक रोजगारीमा गएका वा फर्केका ब्यक्ति तथा परीवारका सदस्यलाई आवश्यकता बमोजिम मनोसामाजिक परामर्शद्धारा समाजमा पुनरस्थापना र एकीकरणको कार्यक्रम कार्यान्वयन गरीनेछ।
- सुरक्षित आप्रबासन (SAMI) कार्यक्रम अन्तरगत बित्तिय साक्षरता कक्षा तथा मनोसामाजिक बिमर्शमा सहभागी महिलाहरुलाई आय आर्जन कृयाकलापमा सहयोग गरी स्वदेशमै रोजगारी गर्ने तर्फ उन्मुख गराइनेछ।
- अनौपचारिक क्षेत्रमा कामगर्ने कामदारहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन आबस्यक समन्वय गरिने छ।

## १.४ पर्यटन विकासः

- डिपिआर तथा गुरुयोजना तयार भइसकेको पर्यटकीय क्षेत्रहरुमा क्रमशः प्राथमिकताका आधारमा संरचनाहरु बनाउने प्रयोजनकोलागि आर्थिक श्रोतहरु जुटाउन पहल गरिनेछ ।
- रमौली-प्रतापुर क्षेत्रमा पर्यापर्यटनको विकास गर्न जीप/हात्ती सफारीकालागि निकुञ्ज क्षेत्रभित्र पर्ने बाटो स्तरीकरणकोलागि मध्यवर्ति क्षेत्र ब्यबस्थापन समिति लगायत निकायसंग समन्वय सहित पहल गरिनेछ।
- सुनाचुरी, मनहरी पिसपार्क, गोगनपानी भ्युटावर, भिमान सहिदपार्क, मनहरी ६ चेपाङ्ग कल्चर होम स्टे, वनकरिया होम स्टे, पिकनिक स्पोर्ट वडा नं. ४ मा गोही संरक्षण, वडा नं. ६ मोरङ्गे ताल/सुनादेबी मंदीर, वडा नं.७ को ऐतिहासिक मनकामना मन्दिर, वडा नं ८ रानी पोखरी गढिडाँडा, शिखर बास पिकनिक स्पट वडा नं. ०५, पर्यटकिय क्षेत्र पहिचान र विकासका साथै वडा नं. ०१ मा ट्री हाउस मोडर्न पार्क लगायत पर्यटकीय सम्भावना का क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

- मनहरी बजारमा रहेको मनकामना मंदीरको बृहत्तर बिकासकोलागि बृष्तित परियोजना प्रतिबेदन (DPR) तयार गरिने छ। साथै वडा नं ३ मा हरीण पार्क निर्माणकोलागि समेत बृष्तित परियोजना प्रतिबेदन (DPR) तयार गरिने छ।
- वडा नं ७ को बुद्ध शान्ती पार्क,वडा नं.८ मा निर्माणाधिन टासी फुन्छयोक गुम्बा परिषरको बुद्ध मुर्ति तथा स्तुपा, वडा नं ९ मोतीदेबी पिकनिक पार्क, कालिका झरना, वडा नं ७ देउराली सिमल मंदीर समेतलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।
- विस्तृत परियोजना प्रतिवेदन तयार भएका देउकोट भ्युटावर, गोगनपानी भ्युटावर, भिमान शहिदपार्क, वनकरिया होमस्टे, ट्रिहाउस लागयतका पूर्वाधार निर्माण कार्यलाई आवश्यक पहल गरीनेछ।
- विभिन्न जातजातीहरुको धर्म, संस्कृति, भाषा, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी गाउँक्षेत्रको ऐतिहासिक मौलिक परिचयलाई संस्थागत गर्न आवश्यक सहयोग गरिनेछ।
- विभिन्न जंगली जीवजन्तु अवलोकन गर्न उपयुक्त हुने वडा नं ०५ मा रहेको शिखरबास पिकनिक स्थललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न आवश्यक लगानी गरिनेछ।
- वडा नं ०३ मा रहेको ऐतिहासिक सिद्धकाली मन्दिरको जिर्णउद्धार गरी तयार भएको डि.पि.आर. बमोजिमको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पर्यटन क्षेत्रको दीर्घकालिन बिकासकोलागी निकुञ्ज भित्रको पर्यापर्यटन,कृषि,बन तथा समुदायमा आधारित पर्यटन प्रबर्द्धनकालागि मनहरी पर्यटन बिकास समिति बनाई कृयाशिल बनाइने छ।गैरलाभको पदमा नियुक्ति गर्ने गरि मनहरी एकीकृत पर्यटन बिकास तथा प्रबर्द्धन समिति गठन र परिचालन गरिनेछ।
- होमस्टे प्रकारको पर्यटन प्रबर्द्धनात्मक योजना कार्यान्वियन गर्न रैथाने खाधान्न बालीको उत्पदान, स्थानिय खाध परिकारको खोज तथा प्रबर्द्धन गर्ने गतिबिधिहरु संचालन गरिनेछ।

## २. पूर्वाधार विकासः

### २.१ मोटरेबल पुल,सडक तथा यातायात

- गाउँपालिकाको गौरवका आयोजनाको रुपमा अगाडी बढाईएको रजैया लामीटार- चकरी मकरी सडक अन्तर्गत पर्ने ५ वटा पक्की पुलहरुको निर्माण यथासिघ्र सम्पन्न गरि संचालनमा ल्याईने छ। रुपाचुरीयाफेदी-पाङ्गथली झोलुङ्गेपुल निर्माण कार्य यसै बर्ष भित्र सम्पन्न गर्न प्रयास गरिने छ। वडा नं.६ राजाराङ्ग-पाङ्गथली हुदै राक्सीराङ्ग-८ जोड्ने स्थान रुपाचुरीयाफेदीमा पक्की मोटरेबल पुल निर्माणकोलागि संघ तथा प्रदेश सरकारसंग पहल गरिने छ।

- निर्माणाधिन बस्तीपुर-भुन्द्रुङ्ग,रजैया-दरदरा पुल समयमै सम्पन्न गर्न सहयोग र समन्वय गरिने छ ।वडा नं.१ चकरी खोलामा पुल निर्माणकोलागि श्रोत ब्यबस्थापन मिलाई वडा नं.३ को ठाडो खोला पुल देखि विक्रमपर्ता हुदै वडा नं.२ को कार्यालय सम्म जाने बाटो स्तरीकरणकोलागि श्रोत ब्यवस्थापन गरिने छ ।प्रतापपुर डिपाड क्षेत्रमा प्रदेशबाट DPR भैसकेको पुल निर्माणमा आबस्यक आर्थिक सहयोग जुटाइने छ । पालिका भित्रको आबस्यक सबै स्थानमा पुल बनाई बार महिनानै सडक आवागमन सुचारु हुने अबस्था बनाइने छ ।
- गाउँपालिका भित्रको महत्वपुर्ण सडकलाई कालोपत्रे तथा ढलान र भित्रि सडकमा ग्राभेल गर्ने कार्यलाई निरन्तरता दिइने छ र अन्य नयाँ ठूला सडकको सम्भाव्यता अध्ययन गरि डि.पि.आर. तयार गरिनेछ,पहिलानै डि.पि.आर.भएका सडक तथा पुलका आयोजनाहरु निर्माण गर्न श्रोत जुटाइने छ ।वडा स्तरमा खोलिने नयाँ सडक ट्र्याकहरु निर्माणमा फिल्ड सर्भेक्षण अनिवार्य गरिने छ ।
- नयाँ सडक ट्र्याक खोल्नु अघि आबस्यकता बमोजिम IEE गरिनेछ । स्थलीय पर्यावरण, जलवायु अनुकुलन, वन्यजन्तु, तथा पर्यावरणीय क्षेत्रको संरक्षणबाट सकारात्मक  प्रभावको साथै बिपद जोखिम न्यूनिकरण हुने गरि सडक निर्माण प्रक्रियामा Bio Engineering जस्ता नविनतम उपायहरूको कार्यान्वयनबाट जोखिम घटाउने कार्य गरिने छ ।
- पालिकाबाट निर्मित सबै सडकहरु सार्वजनिक गरि सार्बजनिक भएको सडकमामात्र बजेट बिनियोजनलाई प्राथमिकता दिईनेछ | पालिकाबाट निर्मित सडकको योजना, अवलोकन, र मापदण्डहरूमा स्पष्टता प्रदान गरिनेछ ।यसै बर्ष अधाबधिक सहीत सडक गुरुयोजना(RMTMP) तयार गरिने   छ ।
- सडक निर्माण गर्दा कम चौडाइको सडक निर्माण गर्न निरुत्साहीत गरिनेछ । यातायात साधनको वृद्धि र सडकसुरक्षालाई ध्यानमा राखि कम चौडाइको सडकमा अत्याबस्यक नभइ स्लाब ढलान कार्यलाई निरुत्साही गरिने छ ।
- गाँउपालिका क्षेत्रमा प्राथामिकतामा परी विगत देखी नै क्रमागत रुपमा सञ्चालन भइरहेका लामिटार-चकरी, लोथर-हाङ्गलाङ्-फरिवाङ्ग, मनहरी-रुपाचुरी, तिन भङ्गाले बालुभञ्ज्याङ हुदै राक्सीराङ्ग, प्रतापुर मार्ग, वडा नं.८ र ९ जोड्ने सीमा सडक,ज्यामिरे-केरावारी सडक,बनकरीया बस्ती ट्वाङ्ग्रा देखि ज्यामिरेदोभान सडक,वडा नं.२ को मुख्य सडक लगायत सडक लगायतका आयोजनाहरुलाई संघ तथा प्रदेश सरकारसंगको सहकार्यमा बजेट विनीयोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक निर्माण गर्दा नाला निर्माणलाई प्रोत्साहित गरी हरित सडकको अवधारणालाई कार्यान्वयन गर्दै सडकको दायाँ बायाँ वृक्षारोपण गर्दै लगिनेछ ।पालिका भित्रका अन्य स्थानीय ग्रामिण तथा कृषि सडक बाह्रै महिना संचालन हुने गरि मर्मत संभार गरिने छ ।बर्षायाममा अबरुद्ध हुने ग्रामिण कच्ची सडकमा तत्काल आवागमन खुलाउने गरि मेशिन तथा बजेट प्रणालीको व्यबस्थापन गरिने छ ।

- ग्रामिण तथा कृषि सडकहरुका आवस्यक स्थानमा कलभर्ट/ पुल/ पुलेसा/ ह्यमपाइप व्यबस्था गरि सडक संरक्षणकोलागी तटबन्धनको ब्यबस्था गरिने छ । झोलुङ्गे पुल आबस्यक पर्ने स्थानको पहिचान गरि संघीय सरकारसंग समन्वय गरि निर्माण गरिने छ ।रमौली-प्रतापपुर-नयाँबस्ती-खयरघारी बस्ती भित्रको१० मी.बाटोको नाला निर्माण सहीत स्तरीकरण गर्ने कार्यलाई निरन्तरता दिदै पुरा गरिने छ ।
- जनलागत सहभागिताका निर्माण कार्यक्रम अन्तर्गत नगद सहभागीतामा आधारित आयोजनाहरुमा प्राथामिकता दिईनेछ ।वस्ती स्तरका आयोजना संचालन गर्ने कामकालागि उपभोक्ताबाट कम्तीमा ४० प्रतिशत नगद जनसहभागीतामा जुटेमा प्राथामिकताका आधारमा समपुरक कोषबाट जुनसुकै बेला लगानी गरिनेछ ।सामान्यतया मेशिनमात्र प्रयोग हुने नयाँ ट्र्याक खन्ने आयोजना,अस्थायी चेक ड्याम निर्माण,खेलकुद वा अन्य चौर सम्याउने मिलाउने,पोखरी निर्माण वा खाल्डो खन्ने/पुर्ने,उपयुक्त पदार्थहरुबाट ब्याक फिलिङ्ग गर्ने,सिंचाई नहर/नाला/झोरा खोल्ने प्रकृतिका आयोजनाहरुमा उपभोक्ताले ब्यहोर्न पर्ने जनश्रमदान बापतको १५ प्रतिशत योगदान नगदै दाखिला गराउने ब्यबस्था मिलाईने छ ।
- पालिकाभित्रका खहरेखोला,खोल्सा तथा झोराहरुबाट हुने जमिन कटान रोक्न तटबन्धका कार्यक्रम संचालन गरिने छ ।पूर्वी राप्ती किनार तटबन्धनको क्रमागत योजनालाई प्रभावकारी बनाउन केन्द्रीय सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।
- वडा भित्रका सबै बाटोहरुको क्षेत्राधिकार तोक्ने/पुनरावलोकन गर्ने तथा लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानिय रुटमा संचालन हुने तिनपाङ्ग्रे सवारी तथा शेयर राईडिङ्ग गर्न चाहने निजि माोटरसाइकल वा अन्य बाहनहरुलाई प्रदेश सरकारको कानुन बमोजिम नियमन गरिने छ ।
- स्थानिय सार्बजनिक यातायात रुट निर्धारण गरि प्रदेश कानुनमा आधारित कार्यबिधबाट रुट परमिट तथा भाडादर निर्धारण र नियमन गरिने छ ।

## २.२ भवन तथा भवन संहीता एबम निर्माण ईजाजत

- २०८०/१२/२२ मा नेपाल सरकारबाट मनहरी ९ स्थित हरीयाली सामूदायिक बन क्षेत्रभित्रको ०.२ हेक्टर जग्गा पालिकाको केन्द्रीय प्रशासनिक भवन बनाउन भोगाधिकार प्राप्त भएकोमा तत्काल ठेक्का बन्दोबस्ती मिलाई भवन निर्माण कार्य थालनि गरिने छ ।
- अन्य सबै वडाहरुको प्रशासनिक भवन व्यबस्था भइ संचालन भइरहेकोमा वडा नं.४ को भवन निर्माण प्रकृया यसै बर्ष सुरुवात गरिने छ । जीर्ण अबस्थामा रहेको वडा नं ३ को कार्यालय भवन समेत नयाँ निर्माण प्रकृयाकोलागि बजेट ब्यबस्था गरिने छ ।
- वडा नं.४ मा बन्नुपर्ने स्वास्थ्य चौकी भवन स्थलको समेत विबाद निरुपण गरि निर्माण कार्य थालनी गरिने छ ।वडा नं.६ मा स्थापना भएको सामुदायिक स्वास्थ्य संस्थाको भवन निर्माणकालागि जग्गा

ब्यबस्थापन भइसकेकोले उक्त स्थानमा स्वास्थ्य संस्थाको भवन बनाउन उपयुक्त ब्यबस्था गरिने छ ।

- स्वास्थ्य मंत्रालयको श्रोतमा निर्माणाधिन मनहरी अस्पतालको भवन निर्माण कार्यलाई तिब्रता दिइने छ । भवन निर्माण कार्यमा भएको सुस्तताको कारण पत्ता लगाइ निराकरण गरिने छ ।
- भवन निर्माण ईजाजत सम्बन्धि नीति,कानुन तथा मापदण्डलाई कडाइका साथ लागू गरिने छ । भवन निर्माण सम्बन्धि मापदण्ड लागूहुनु पूर्ब बनेका भवनहरु अभिलेखिकरण कार्यलाई मापदण्ड बमोजिम हुनेगरि निरन्तरता दिइने छ । पालिकाको श्रोतबाट निर्माण हुने सार्बजनिक सामुदायिक भवनहरु निर्माण गर्दा निजि स्वामित्वको जग्गामा बनाउन नपाईने नीति कडाइकासाथ लागू गरिने छ ।
- पालिका भित्रका प्राचीन स्मारक,संग्रहालय,धार्मिक,सास्कृतिक,ऐतिहासिक पुरातात्विक महत्वका भवनहरु संरक्षणको ब्यबस्था गरिने छ ।बिधालय,सामुदायिक भवन,सभागृह तथा अन्य सार्बजनिक भवन तथा संरचना निर्माण तथा मर्मत संभार गरिने छ ।
- वडा नं ३ कार्यालय भवन ब्यबस्थित गरिने छ ।वडा नं.३ को भुन्द्रुङ्गमा निर्माणाधिन ४०० मेट्रीक टन क्षमताको कोल्ड स्टोर निर्माण कार्य समयमानै सम्पन्न गर्न निर्माण ब्यबसायीलाई आबस्यक सहयोग र समन्वय गरिने छ ।
- वडा नं.७ मा रहेको मदन भण्डारी क्षेत्रीय रंगशाला निर्माणकोलागि केन्द्र तथा प्रदेश सरकारसंगको सहयोग जुटाईने छ । साथै अन्य वडामा भएका बिभिन्न खेलमैदनहरुको स्तर उन्नती गरि एक वडा एक खेल मैदानको अबधारणा बमोजिम विकास गरिने छ ।

### २.३ जग्गा नापी तथा धनी पूर्जा एबम भू-उपयोग तथा बस्ती बिकास

- राष्ट्रिय भूमि आयोगको समन्वन्य र सहजीकरणमा सबै भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई र अब्यबस्थित बसोबासीको विवरण अनलाईन इन्ट्री गर्ने कार्य सकिएकोले कानुन बमोजिम जग्गा उपलब्ध गराउने प्रकृया अगाडि बढाइने छ ।
- भूमिहीन सुकुम्बासीलाई जग्गा बितरण गर्दा सकेसम्म सम्बन्धित वडाको आबाद लाएक ऐलानी वा नदी उकास लगायत पर्ती जग्गामा एकिकृत बस्ती बिकास हुने गरि योजना बनाइ कार्यान्वयन गरिने छ ।
- संघीय भू-उपयोग नीति,भू-उपयोग ऐन तथा भू-उपयोग नियमावली बमोजिम पालिका स्तरीय भू-उपयोग योजनाको कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिने छ ।
- सुरक्षित नागरीक आवास कार्यक्रम अन्तरगत गाउँपालिका भित्रका खरको छानो विस्थापित गरि प्रदेश सरकार संगको सहकार्यमा जस्तापात वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । बागमती प्रदेश सरकारको सहयोगमा संचालित चेपाङ्ग आवास कार्यक्रममा आबस्यक समन्वय र सहकार्य गरिने छ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, पर्ती तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु संरक्षण गर्ने व्यवस्थाका लागि आबस्यक बजेट बिनियोजन गरि कार्यान्वयन गरिने छ ।पहिला देखिनै आबादी रुपमा परिणत भएका ऐलानी पर्ती जग्गा आवाद कमोद गर्ने परिवारबिच साँध सिमाना गरि निर्बाहाकालागि छुट्टै घर बनाउन पर्ने अबस्थालाई एकीन गरि निरन्तर भोग गर्न दिने विषयमा पर्षा तथा चितवन राष्ट्रिय निकुञ्ज संग समन्वय गरिने छ।
- यस गाउँपालिकामा रहेका आदिवासी, जनजाती, अल्पसंख्यक जातजातीहरुको पहिचान, संस्कृति र मुल्यमान्यता संरक्षण गर्न नमुना घर सम्बन्धी कार्यविधि निर्माण गरि नमुना सांस्कृतिक घर कार्यक्रम सञ्चालन गरिनेछ ।त्यस्ता घरहरुमा होमस्टे संचालन गर्न मिल्ने प्रकारले डिजाइन उपलब्ध गराई पर्यटन प्रबर्द्धनमा समेत टेवा पुग्ने संरचना निर्माण गर्न प्रोत्साहन गरिने छ ।विपन्न एबम साना वालबालिका सहीतका एकल आमाहरुलाई लक्षित गरि गै.स.स.संगको सहकार्यमा सुरक्षित आवास निर्माण गरि हस्तान्तरण गर्ने कार्यक्रम निरन्तर संचालन गरिने छ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका हाइटेन्सन लाईन मुनि रहेका प्रयोगविहिन जग्गाहरुको उचित प्रयोगको लागि व्यवसायीक जडिबुटी, कागती खेती, अदुवा, बेसार खेती गर्ने कार्यमा जोड दिइनेछ ।सरकारी खाली पर्ति नदी उकास तथा राजमार्ग छेउका सार्बजनिक जग्गाको प्रकृति अनुसार नरीवल,कटहर,आँप,लिची जस्ता फलफूलका बिरुवा रोप्ने र संरक्षण गर्ने कार्य गरिने छ ।यस्तो कार्यको संरक्षणगरि प्रतिफल साझा गर्न टोल विकास संस्थाहरुलाई उत्प्रेरीत गरिने छ।
- नदी किनार,साना तर ठाडो प्रकृतिका झोरा, खोल्सी छेउ,भू-स्खलनको दृष्टिले जोखिम युक्त भु-भागमा घर बास नबनाउने नीति अबलम्बन् गरिने छ ।

## २.४ बिधुत/उर्जा/सडक बत्ति/ सिंचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रण

- नेपाल बिधुत प्राधिकरणद्धारा पालिका क्षेत्रमा बितरित बिधुत सेवाको गुणस्तर सुधारकोलागी प्राधिकरण संगको सहकार्यमा तार/पोल/ट्रान्सफर्मर लगायत सामग्रीको ब्यबस्थापनबाट बिधुत आपुर्ति नियमित बनाइने छ। लिफ्ट प्रबिधिका खानेपानी,सिंचाइ जस्ता आयोजनामा सोलार जस्ता बैकल्पिक उर्जालाई प्राथमिकता दिइने छ।
- पालिकाका मुख्य मुख्य पार्क तथा सार्बजनिक स्थलहरुमा सौर्य सडक बत्ति जडान गरिने छ। टोल बिकास संस्थाहरुको माग बमोजिम उनीहरुकै समन्वयमा संचालन हुनेगरि क्रमश सडकहरुमा बत्ति जडान गरिदै लगिने छ।
- घर भित्रको वायु प्रदुषण मुक्त गाउँपालिका घोषणा गर्ने अभियानको थालनी गर्न सुधारीएको चुल्हो,गोबर ग्यास प्लान्ट, ईन्डक्सन तथा ईन्फ्रारेड चुल्हो जस्ता वातावरणमैत्री एबम् नविकरणीय उर्जाको प्रयोगमा प्रोत्साहन गरिनेछ । नविकरणिय ऊर्जामैत्री भवनहरूको निर्माण र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

- विधुत सेवा नपुगेका टोल वस्तीहरुमा विधुत सेवाको पहुँच बृद्धि गर्नुका साथै सौर्य बत्ती वितरण मार्फत जनताको कर जनताको घर, उज्यालो मनहरी शहर अभियान लाई निरन्तरता दिईनेछ । गाउँपालिकाभर बाँकी रहेको काठेपोलहरुको बिस्थापन गरिने छ ।साथै सडकहरुमा रहेको पोललाई उचित ब्यबस्थापन गर्दै भोल्टेज सुधारमा नेपाल बिधुत प्राधिकरण संग समन्वय गरिनेछ ।
- कृषी पकेट क्षेत्रहरुको पहिचान गरी जनसहभागीतामा आधारित सिंचाई कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ । खासगरि तरकारी बालि उत्पादन हुने क्षेत्रमा भौगोलीक बनावट हेरेर सिंचाई कार्यक्रम तर्जुमा गरिनेछ ।
- संघ, प्रदेश तथा स्थानीय तहको सहलगानीमा सञ्चालन हुने बृहत सिंचाई आयोजनाका साथै पालिका स्तरबाट सञ्चालन हुने साना सिंचाई कार्यक्रमलाई समेत प्राथामिकतामा राखिनेछ । साथै उक्त आयोजनाहरुमा समुदायको प्रत्यक्ष सहभागिता गराइने छ ।
- निर्माणाधिन सिंचाई आयोजनालाई प्राथामिकता दिईनुका साथै पुरा भईसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शी बनाउनको लागी उपभोक्ता समितीलाई तालिमद्धारा सक्षम बनाईनेछ ।
- ग्राभिटी बेस सिंचाई सुविधा नभएका कृषीक्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ प्रबिधिका सिंचाई आयोजनाहरु सञ्चालन गर्न प्राथमिकता  दिइनेछ । रमौली-प्रतापुर सिंचाइमा आयोजनामा शाखा कुलो बिस्तारमा प्राथमिकता दिइने छ ।
- डिप बोरिङ्ग समेत गर्न नसकिने सुख्खा क्षेत्रमा प्लाष्टिक पोखरी निर्माण गरि लघु सिंचाइ ब्यबस्था गरिने छ । गाउँपालिका क्षेत्रभरिका सबै कृषि पकेट क्षेत्रमा सिंचाई उपलब्ध गराउन सम्भाब्यता अध्ययन गरिने छ ।
- बिषेश गरि जल उत्पन्न प्रकोप नियन्त्रणकालागी जोखिम स्थान र संकटासन्नता बस्ती पहिचान गरि दीर्घकालिन समस्या समाधानार्थ बिज्ञको सहयोगमा जल उत्पन्न प्रकोप बिपद प्रतिकार्य योजना तयार गरि क्रमश लागू गरिने छ ।
- तत्काल खतरामा रहेको जोखिमयुक्त बस्तीमा तारजाली वा सुख्खा ड्यागको ब्यबस्था गरि तटबन्ध, खहरे नियन्त्रण गर्न रकम बिनियोजन गरिने छ ।

## २.५ बाताबरण/पर्याबरण एबम जलाधार क्षेत्र संरक्षण तथा फोहरमैला ब्यबस्थापन र पूर्बाधार विकासको अन्तर सम्बन्ध

- सार्बजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा कानुन बमोजिम अनिबार्य गर्नुपर्ने भनिएका आयोजनाहरुको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गरेर मात्र आयोजना कार्यान्वियन गरिने छ । गाउँपालिका स्तरका हरेक भौतिक संरचनागत आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वियन तहमा उतार्ने प्रयास गरिनेछ ।

- सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा बृक्षारोपण र वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ। जलबायु अनुकुलन तथा जैविक विविधता सम्बन्धि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। वडा नं.८ र ९ को नदी उकास संरक्षित जग्गामा जलासययुक्त सिमसार पोखरीको निर्माण थालनी गरिने छ। वडा नं.६ को भुलचोक मोरङ्गे तालको संरक्षण र विकास गरि पर्यापर्यटकीय गन्तब्यको रुपमा अगाडी बढाईने छ।खानेपानी तथा लघुसिंचाईको रुपमा उपयोग गर्न मिल्ने पानीको साना साना श्रोतः कुवा तथा मुहान संरक्षण गर्ने कार्यक्रम संचालन गरिने छ।ऐतिहासिक ढुङ्गेधारा तथा ईनारहरुको संरक्षण र मर्मत गर्ने कार्यलाई निरन्तरता दिईने छ। गरिब बिपन्न परिवारलाई आबस्यकता बमोजिम निशुल्क ट्युवकल बितरणको ब्यबस्था मिलाईने छ।
- चुरे संरक्षण कार्यलाई राष्ट्रपती चुरे संरक्षण कार्यक्रम संग सहकार्य गरि निरन्तरता दिईनेछ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित साधारण निर्माणमुखि पदार्थको उत्खनन् प्रशोधन तथा निकासी कार्यलाई बाताबरणमैत्री बनाईने छ। यस्तो कच्चा पदार्थ ढुवानीको लागि बैकल्पिक सडक निर्माण गरि ढुवानीको प्रवन्ध मिलाईनेछ।
- स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरि मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिलाई राष्ट्रिय निकुञ्ज र स्थानिय सरकारबिच समन्वय गर्ने संयत्रको रुपमा परिचालन गरिने छ।सोही संयत्रको माध्यमबाट राष्ट्रिय निकुञ्ज भित्र संचालन गरिने सम्भाव्य जीप सफारी,हात्ती सफारी लगायतको पर्या पर्यटकीय गतिबिधिलाई प्रबर्द्धन गर्न सडक मर्मत लगायतको पूर्बाधार व्यबस्थापनमा आइपर्ने समस्याहरु समाधानमा सहजीकरण गरिने छ।
- वन वातावरण र जैविक विविधतालाई संरक्षण तथा कृषकहरुलाई प्रोत्साहन गर्न चिराईतो, कुरीलो, अमृसो जस्ता गुणकारी बनस्पतीको नर्सरी स्थापना गरी किसानहरुलाई प्रोत्साहित गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ।
- हाल केही वडाका क्षेत्रमा मात्र संचालन भएको फोहर सङ्कलन कार्य सबै बडाहरुमा बिस्तार गर्ने गरि साझेदार निकाय ब्यबस्था गरिने छ। फोहर ब्यबस्थापन कार्यलाई दीगो बनाउन डम्पिङ्ग साइट ज्ञान केन्द्र स्थापना गर्ने कार्य अगाडी बढाईने छ। हाल भइरहेको ट्र्याक्टरबाट फोहर संकलन कार्यलाई थप क्षेत्रमा विस्तारकोलागि ट्र्याक्टरको संख्या थप गरिने छ।
- सङ्कलित फोहर बिसर्षजन गरि पुनःप्रयोग,प्रशोधन गर्न हाल वडा नं ७ को बेलुवा टापुमा रहेको डम्पिङ्ग साईट ब्यबस्थापनकोलागि मास्टर प्लान/डि.पि.आर. तयार गरि निर्माण गरिने छ।
- "आ-आफ्नो टोल बस्ती सफा राखौं" भन्ने नाराका साथ सबै वडाले टोल बिकास संस्थालाई सरसफाई जागरण चलाउने गरि जिम्मा दिइनेछ। सरसफाईमा नमूना देखिएका टोल विकास संस्थाको छनौट गरि वडा/पालिकाले पुरस्कृत गर्ने ब्यबस्था मिलाईने छ।
- राजमार्गका आबस्यक स्थानमा प्रदेश सरकारको सहयोगमा पर्याबरण मैत्री पार्क सहीतको थप सार्बजनिक शौचालय / घुम्ती शौचालय एबम रिफ्रेस सेन्टर बनाउन पहल गरिने छ।

**२.६ सार्बजनिक निजी साझेदारी**

- पालिकाबाट संचालन हुने फोरमैला ब्यबस्थापन, डम्पिङ्ग साईट निर्माण तथा संचालन, शित भण्डार संचालन,पर्यटकीय क्षेत्रको ब्यबस्थापन जस्ता कार्यहरुमा सार्बजनिक-निजि क्षेत्र साझेदारीको निति अबलम्बन गरिने छ। गाँउपालिकाको लगानीमा बनेका सडक तथा सामुदायिक भवनहरुको दीगो संरक्षणकोलागी निर्मित सम्पत्तिको मर्मत सम्भार प्रयोजनकोलागी निजि क्षेत्र संग सहकार्य गरिने छ।
- ४० प्रतिशत नगद लागत सहभागिता जुट्ने आयोजनाहरु प्राथमिकतामा राखि जनलागत सहभागीता अन्तरगत ६०*४० को उपभोक्ता समितिबाट भइरहेको सार्बजनिक निर्माण कार्यलाई निरन्तरता दिइने छ।
- ब्यबसायीक कृषि, पशुपालन, माछा पालन, कुखुरा पालन तथा घरेलु उधोग र उधमशिलता जस्ता क्षेत्रको बिकासमा निजी क्षेत्रलाई प्रबर्द्धन गरिने छ।
- गलैंचा, दुना टपरी, स्वेटर, तयारी पोशाक, झोल साबुन बनाउने,अचार बनाउने जस्ता आय आर्जन हुने र रोजगारी श्रृजना हुने घरेलु उधोगको स्थापना र संचालनमा निजि क्षेत्रले साझेदारी गर्न चाहेमा निश्चित कार्यबिधि र मापदण्ड बनाइ साझेदारी गरिने छ।
- नविन प्रबिधिको प्रयोग र बिकासमा युबा उधमीलाई प्रोत्साहन गरि नवप्रबर्तन र सिर्जनात्मक कार्य गर्न ब्यबसायको स्टार्टअप कामका सहयोग गरिने छ।
- जनतासँग प्रत्यक्ष जोडिएर विकास निर्माणको काममा संलग्न हुन पर्ने अध्यक्ष/उपाध्यक्ष हरुले कतिपय बजेट निति कार्यक्रममा नसमेटिएका योजनाहरुलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै जनता सँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइने छ।

### २.७ योजना कार्ययोजना तथा उपभोक्ता समिति परिचालन

- मनहरी गाउँपालिकाको आयोजना संचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यबिधि-२०८० मा सामयिक संसोधन गरि उपभोक्ता समितिहरुलाई दर्ता गरि प्रमाण-पत्र जारी गर्ने ब्यबस्था मिलाईने छ।
- योजना शाखा मार्फत उपभोक्ता समिति परिचालन गरि कार्यान्वयन गरिने र पूर्बाधार शाखाबाट ठेक्का मार्फत कार्यान्वयन गरिने योजनाहरु कार्ययोजना बनाई समय तालिका अनुसार समयमानै सम्पन्न हुने गरि संचालन गरिने छ।
- उपभोक्ता समितिका अध्यक्ष, सचिब र कोषाध्यक्षलाई योजना संचालन सम्बन्धि आधारभुत अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ।
- उपभोक्ता समितिबाट गरिने श्रम मूलक सार्बजनिक निर्माणमा उपभोक्ता समितिको श्रमदान लगायत योगदानलाई बस्तुपरक र यथार्थ बनाउने प्रयास गरिने छ।

- उपभोक्ता तथा ठेक्का मार्फत संचालित आयोजनाहरुको प्रगती तथा प्रतिफलको समिक्षा गरिने र आगामी दिनमा गर्नु पर्ने सुधारात्मक कार्यकोलागी पृष्टपोषण लिन कार्यपालिका सदस्यहरुमाझ अन्तरकृया कार्यक्रम गरिने छ ।
- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुनिष्ठ बनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन ।अनुगमन तथा सुपेरीबेक्षण समितिलाई बाह्यय अबलोकन भ्रमण लगायत आधारभूत गुणस्तर परिक्षणको तालिम प्रदान गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System ) को मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्य संचालन गर्ने प्रयास गरिने छ । सार्बजनिक निर्माण कार्य अन्तरगत बिशेषगरि भौतिक पक्षको गुणस्तर सुनिश्चित गर्न हाल संचालन गरिएको कोर कटिङ्ग, स्ट्रेन्थ टेष्ट लगायत कार्यलाई निरन्तरता दिइ गुणस्तर जाँचकोलागि थप उपकरण तथा ल्याब स्थापना गर्न प्रयास गरिने छ ।
- गाउँपालिकाबाट संचालित सबै योजनाहरुको सम्बद्ध अनुगमन समितिबाट अनुगमन भए पश्चात मात्र पुरा रकम भुक्तानी दिईने व्यवस्था मिलाईनेछ । साथै गाउँपालिकामा हुने प्रवर्द्धनात्मक कार्यक्रमहरुको अनुगमन समितीले अनुगमन गरेपछि मात्र भुक्तानीको व्यवस्था मिलाईनेछ ।
- आयोजना/कार्यक्रमहरुको अनुगमन कार्यलाई छिटो छरीतो बनाउन पूर्बाधार बाहेक अन्य बिषय क्षेत्रका समिति हरुलाई तत् तत् बिषयगत समिति अन्तरगतका आयोजनाहरु अनुगमन गर्ने गरि कार्यबिधि संसोधनको ब्यबस्था मिलाईने छ ।
- गाउँपालिकाबाट सञ्चालीत विभिन्न पूर्बाधार,सामाजिक,आर्थिक लगायत क्षेत्रका परियोजनालाई पारदर्शी दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

### २.८ तथ्याङ्क ब्यबस्थापन

- गाउँपालिकाको समग्र प्रगती समेटिएर तयार भएको बिधुतिय बस्तुगत बिबरण(Digital Profile) गाउँपालिकाको आधारभूत तथ्याङ्कहरुलाई राष्ट्रिय योजना आयोगको National Data Profile मा प्रबिष्टि गर्ने ब्यबस्था गरि अधाबधिक गरिने छ ।
- पालिका स्तरीय आधारभुत तथ्याङ्क संकलन,जनस्वास्थ्य सम्बन्धि सुचना प्रणाली (H mis),पंजिकरण तथा सामाजिक सुरक्षा भत्ता सुचना प्रणाली (MIS), शिक्षा सम्बन्धि सुचना प्रणाली (E mis),बेरोजगार ब्यबक्तिहरुको सुचना प्रणाली लगायत अन्य तथ्याङ्कीय गतिबिधि बाट प्राप्त हुने तथ्याङ्कहरु प्रयोगकर्तालाई आबस्यक पर्दा एकीकृत रुपले प्राप्त हुने ब्यबस्था गर्न पालिका स्तरीय तथ्याङ्क ईकाइको व्यबस्थित गरिने छ ।

- यसै बर्ष मनहरी गाउँपालिकाको अधाबधिक सहीतको आबधिक योजना तयार गरि मध्यमकालीन खर्च संरचना,योजना बैंक लगायत तरीकाबाट आयोजना संचालन हुन सक्ने प्रणालीको बिकास गरि सार्बजनिक गरिने छ।

## ३. सामाजिक विकासः

### ३.१ शिक्षा तर्फः

- वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई संघीय तलवको अतिरिक्त थप रु ९,००० तलव दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ। गाउँपालिका स्रोतवाट मात्र तलव भत्ता खाने वाल विकास सहजकर्तालाई अन्य सहजकर्ता सरह तलव उपलव्ध गराईनेछ।
- शिक्षा क्षेत्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पेशागत र व्यक्तिगत क्षमता अभिवृद्धि, पुरस्कार तथा प्रोत्साहन कार्यक्रम सन्चालन गरिनेछ।
- सामान्यतया प्रथम चौमासिक अबधिभित्र प्रतिस्पर्धात्मक विधिद्वारा प्रधानाध्यापकहरु छनोट तथा नियुक्ति गरी कार्यसम्पादन करार सम्झौता गरिनेछ। शिक्षकहरुलाई प्र. अ. संग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था मिलाईनेछ । करार सम्झौता गर्ने प्रधानाध्यपकहरुलाई प्रोत्साहन भत्ता उपलव्ध गराईन्छ।
- सामुदायिक विद्यालयहरुको सुपरिवेक्षणमा सहयोग पुर्याउन सि.सि.टि.भि. क्यामरा र ई हाजिरी जडानलाई निरन्तरता दिईनेछ। यसको प्रयोग र प्रभावकारीता नतिजामूलक बनाइने छ।
- विद्यार्थीको विद्यालय आवगमनलाई सहज वनाउन प्राथमिकताको आधारमा क्रमशः विद्यालय बसको प्रवन्ध गरिनेछ।
- गाउँपालिकाको सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई लक्षित गरी गरिवसंग विशेश्वर छात्रवृती कार्यक्रमलाई निरन्तर दिईनेछ । दलित, सिमान्तकृत, असाहाय विपन्नलाई छात्रवृतीको विशेष व्यवस्था गरिनेछ। प्राविधिक शिक्षा शिक्षण गर्ने संस्था वा तालिम प्रदायक संस्थासंग गाउँपालिकावाट सम्झौता गरी प्राविधिक /सिपयुक्त जनशक्ति उत्पादन गर्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
- विद्यार्थी सङ्ख्याको आधारमा दरवन्दि अपुग भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । विद्यालयको शैक्षिक नतिजाको आधारमा विद्यालयलाई विशेष प्रोत्साहन अनुदान प्रवन्ध गरिनेछ।

- मनहरी गाउँपालिकामा सन्चालित प्राविधिक शिक्षा सन्चालन गर्ने विद्यालय र अध्ययनरत विद्यार्थीलाई प्रोत्साहनको कार्यक्रम सन्चालन गरिनेछ । +२ सम्म निशुल्कः शिक्षा कार्यान्वयनकालागि सबै बिधालयहरुमा दीगो आम्दानीको श्रोत खोजी बारे अध्ययन गरिने छ।
- विद्यालयलाई तथा शिक्षकलाई प्रविधिमैत्रि वनाउन प्रविधिमैत्रि विद्यालय कार्यक्रम सन्चालन गरिनेछ।
- विद्यालय व्यवस्थापन समिति तथा अभिभावक सचेतना कार्यक्रम सन्चालन गरिनेछ।
- शिक्षक तथा विद्यार्थीहरुको क्षमता मापन र गुणस्तरिय सिकाई सुनिश्चितताको लागि कक्षा ५ र ८ मा वाह्य मुल्याङ्कन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- शिक्षकहरु प्रसुति विदामा वस्दा विद्यालयलाई पर्न सक्ने समस्या न्युनिकरण गरी शैक्षिक क्षति कम गर्न विद्यालयलाई प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिईनेछ।
- शिक्षक दरबन्दी मिलान कार्य सञ्चालन गरिने छ। विद्यार्थी संङ्ख्या कम भएको वाल विकास केन्द्र र विद्यालयहरुलाई मर्ज प्रोत्साहन कार्यक्रम गरि आवासिय सुविधासहितको ठुलो विद्यालय निर्माण कार्यक्रममा जोड दिईनेछ।
- माध्यमिक तहका सवै विद्यालयहरुमा स्काउट, जुरेस, ईको क्लव जस्ता समिति गठन गरि वालवालिकाको सृजनात्मक क्षमताको विकासमा जोड दिईनेछ।
- शैक्षिक भ्रमणले मानिसको सिकाईको दायरा वढाउने हुँदा नमुना शैक्षिक संस्था भ्रमणको अवसर प्रदान गरिनेछ।
- अल्पकालिन तथा दिर्घकालिन योजनाहरुलाई समेटि गाउँपालिकाको शिक्षा योजना निर्माण गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रको भुमिका प्रभावकारी वनाई केन्द्रमार्फत अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रमलाई जोड दिईनेछ।
- अपाङ्गता भएका व्यक्ति तथा अल्पसंङ्ख्यक लगायतका समुदायलाई विद्यालय शिक्षामा पहुच पुर्याई विद्यालयमा टिकाउन विशेष कार्यक्रम सन्चालन गरिनेछ। अपाङ्गता पहिचानकालागि स्कीनिङका कार्यक्रम सन्चालन गरिनेछ।
- सबै बिधालय हरीत विधालय अवधारणा कार्यान्वयनमा ल्याईने छ।
- शिक्षामा नवप्रवेशी जनशक्ति भित्र्याइ शिक्षण कार्य प्रभावकारी बनाउन शिक्षक स्वर्णिम अवकाश कार्यक्रम संचालन गरिने छ।

- विधालयमा शुक्रबारलाई ब्यबहारिक ज्ञानसंग जोड्न Book Free Friday कार्यक्रम प्रभावकारीता अध्ययन गरि लागू गरिने छ ।
- शैक्षिक सरोकारका विषयमा छलफल तथा विचार विमर्श गर्न अध्यक्षसंग यूवा कार्यक्रम सन्चालन गरिनेछ ।

### ३.२ युवा , खेलकुद तथा अन्य खेलकुद पुर्वाधार:

- अध्यक्ष कप फुटवल र उपाध्यक्ष कप भलिवल प्रतियोगिताको निरन्तरता दिईनेछ ।
- खेलकुद विकास समितिलाई सक्रिय वनाई खेलकुदका विभिन्न गतिविधिहरु समिति मार्फत सन्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- युवाहरुको नेतृत्व विकास गर्न विभिन्न युवामैत्री कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- नमुना युवा संसदको अभ्यास कार्यक्रम सन्चालन गरिनेछ ।
- खेलकुद तर्फ फूटवल एकेडेमी स्थापना गर्ने सम्भाव्यता अध्यन गरिने छ ।
- क्रिकेट,ब्याडमिंन्टन,टेबल टेनिश लगायत खेलहरुमा रुची भएका युवाहरुलाई त्यस्ता प्रकारका खेलको पालिका,जिल्ला तथा प्रदेश स्तरीय प्रतियोगिता आयोजनामा सहयोग गरिने छ ।
- राष्ट्रिय स्तरको जुनसुकै खेलकुदमा ख्याति कमाउन सफल हुने मनहरीका खेलाडीलाई उचीत सम्मान तथा पुरस्कार प्रदान गर्ने नीति रहने छ ।

### ३.३ स्वास्थ्य तर्फ:

- जेष्ठ नागरीक तथा असहाय बर्गको स्वास्थ्य अबस्था जाँच तथा उपचारको लागी जनप्रतिनिधि,टोलविकास संस्था,स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाको सहकार्यमा घर दैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- १५ शैयाको मनहरी अस्पताल निर्माणको काम सम्पन्न नहुँदा सम्म अस्थायी अस्पतालबाट सेवा प्रबाहलाई निरन्तरता दिईनेछ । साथै मनहरी अस्पतालमा अन्तरङ्ग सेवा सञ्चालनमा ल्याइनेछ, जसको लागी आवश्यक भौतिक पुर्वाधार तथा जनशक्ति व्यवस्थापन गरिनेछ ।
- मनहरी अस्पतालमा ओ.पि.डि. सेवा बिस्तारलाई निरन्तरता दिई सेवामा बृद्धि गरिनेछ ।
- मनहरी ३ मा रहेको हाँडीखोला स्वास्थ चौकीमा छुट्टै बर्थिङ्ग सेन्टर निर्माण गर्नुको साथै मेडिकल अफिसर डाक्टरको व्यबस्थापन मिलाई जनताले गुणस्तरीय स्वास्थ सेवा पाउने अधिकारलाई सुनिश्चित गरिने छ ।

- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको मनोबल बढाउन हाल कार्यान्वयनमा रहेको अवकाश पश्चात दिईने सुबिधा निरन्तर गरिनेछ। साथै सेवारत महिला स्वास्थ्य स्वयंसेविकालाइ संचार खर्च उपलब्ध गराइनेछ।
- स्वास्थ्य संस्था तथा ईकाइहरुको भौतिक सुबिधा व्यबस्थित बनाई,स्वास्थ्य सेवा प्रबाहलाई सुदृढ बनाउने तथा  निःशुल्क वितरण गरिने औषधी र औजार उपकरणको उपलब्धता नियमित गरिनेछ।
- शत प्रतिशत आमाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी (Zero home Delivery)गराइ पुर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका निर्माण गर्न कार्यक्रम ल्याइनेछ। पालिका भित्रकै स्वास्थ्य संस्थामा सुत्केरी हुन जाँदा निःशुल्क एम्बुलेन्सको सुबिधा उपलब्ध गराईने छ।
- आमा समुह लाइ सुदृढिकरण गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी स्वास्थ्य शिक्षा प्रबर्द्धन गर्न स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका दुबै परिचालन गर्ने ब्यबस्था मिलाइनेछ।
- गर्भवती महिलाहरुले गर्नुपर्ने अनिवार्य जाँच गराउन स्वास्थ्य संस्थामा आउँदा र सुत्केरी सेवा लिंदा पोषण कार्यक्रम तथा क्याल्सियमबाट प्रोत्साहीत गरिनेछ।
- गर्भवती महिलाहरुको आधारभुत जाँच तथा भिडियो एक्सरे सेवा निःशुल्क गरिनेछ।
- मनहरी गाउँपालिकाको अति बिकट वडा नं ६ को रुपाचुरी बालभञ्ज्याङ क्षेत्रमा निर्माण भएको बर्थिङ्ग सेन्टर भवनमा वर्थिङ्ग सेवा सुरु गरिने छ।
- स्वास्थ्य संस्थाको सुत्केरी दर बढाउन सुत्केरी महिलाको लागी घर दैलो भेट सहीतको पोषण प्याकेज सुविधा कार्यक्रम सञ्चालन गरिनेछ।
- बिवाहित महिलाहरुमा हुन सक्ने पाठेघरको मुखको क्यान्सर तथा यौन जन्य रोगहरुको समयमै पहिचान गरी उपचारमा ल्याउन स्क्रिनिङ क्याम्प तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- पुर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता तथा दिगोपना कायम राख्न ५ बर्ष मुनिका सबै बालबालिकालाइ खोपको पहुंचमा ल्याउन गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाइ प्रभावकारी बनाइनेछ।
- अति बिपन्न सहिद बेपत्ता असहाय पुर्ण अपाङ्गता तथा द्धन्द पिडित परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्न गरिबसंग बिश्वेश्वर स्वास्थ्य बिमा कार्यक्रमलाइ निरन्तर गरिनेछ।
- गर्भवती महिलाहरुको लागी निःशुल्क भिडियो एक्सरे सेवा निरन्तर गरी सबै स्वास्थ्य संस्थाबाट सेवा सञ्चालन गरिनेछ।
- प्रदेश सरकारको सहयोगमा मनहरी ९ मा स्थापित नागरीक आरोग्य केन्द्रलाई थप व्यबस्थित गरिने छ।

- पालिकाभरमा मोतिया बिन्दु भएका नागरीक फेला परेमा निजहरुको मोतिबिन्दुको निःशुल्क शल्यकृया हुने ब्यबस्था मिलाइने छ। मनहरी ७ मा स्थापित आँखा अस्पतालाई भौतिक सुधार गर्दै बिषेशज्ञ सेवाको पहुँच अभिबृद्धि गरिनेछ।
- रेडक्रससंगको सहकार्यमा ब्लड बैंक सञ्चालनमा सहयोग र रगत आबस्यक पर्ने नागरीकहरुलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।आबश्यकता अनुसार रक्तदान शिविर सञ्चालन गरिनेछ।
- आवश्यक देखिएको वडाका टोलमा बिभिन्न रोगका (सर्ने/नसर्ने) निदान तथा परामर्श स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।साथै मानसिक स्वास्थ्य समस्या भएका बिरामिहरुलाइ मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।
- सूचना प्रबिधिको माध्यमबाट स्वास्थ्य सेवा पाउने नागरीक र सेवाका सूचनाहरु अद्यावधिक गरिनेछ।
- मानविय स्वास्थ्य तर्फ परिआउने विपद व्यबस्थापन र महामारीजन्य रोग रोकथाम तथा नियन्त्रण गर्न द्रुत प्रतिकार्य टोलि गठन गरिनेछ।
- कडा रोग लागेका गरिब तथा अतिबिपन्न असहाय पुर्ण अशक्त अपाङ्गता भएका बिरामीहरुको लागी एम्बुलेन्स सेवामा छुट दिने ब्यबस्था मिलाइनेछ।
- बालबालिकाको पोषण सुधारकोलागि बिधालयमा विधार्थि सहीतको पोषण तथा असल खानपान सम्बन्धि सचेतनामूलक अन्तरकृया कार्यक्रम संचालन गरिने छ।

### ३.४ महिला तर्फः

- दिगो विकासका लक्ष्य, १६ औ आवधिक योजनाका तथा बेइजिङ घोषणाका धाराहरु सम्बन्धि मनहरी गाउँपालिकाका प्रत्येक जनप्रतिनिधिहरु र कर्मचारीहरुलाइ विभिन्न माध्यमबाट अभिमुखिकरण प्रदान गरीनेछ।
- घरेलु हिंसा पिडित महिलाहरुलाई न्यायमा पहुँच दिलाई आवश्यकता बमोजिम सेफ हाउसमा आश्रय दिई मेलमिलापको माध्यमबाट परिवारमा पुनर्स्थापना गरिनेछ। पिडित महिलाहरुको लागी मागमा आधारित विभिन्न खाले सीपमुलक तालिम प्रदान गरि आत्मनिर्भर बनाउन सहयोग गरिने छ।
- महिलाहरुलाई उद्यमशीलता तालिम प्रदान गरि व्यवसायी बन्न प्रेरित गरिने छ। बेचबिखनमा परेका, बहुबिबाहका कारण हेलत्वमा परेका, बिभिन्न खाले हिंसाको सिकार भई संरक्षणको आवश्यकता परेका महिलाहरुको लागी जिविकोपार्जन तथा आय आर्जन हुने कृयाकलापमा संलग्न गरिनेछ

।सिपमुलक तालिम प्रदान गरेका विपन्न महिलाहरुलाइ अवश्यकता अनुसार बिउ पूँजी उपलब्ध गराइनेछ।

- योजना कार्यक्रमहरुमा महिलाको कार्यबोझ घट्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- नेपाली महिलाहरुको महान पर्व हरितालिका तिजलाई महिला अधिकारको सचेतना जगाउने अवसरको रुपमा उपयोग गर्न कार्यक्रम सञ्चालन गरिने छ।
- महिलाको अधिकार सुनिश्चित गर्न स्थापित विभिन्न राष्टिय अन्तराष्टिय दिवसहरु विभिन्न कार्यक्रम गरी मनाइनेछ।
- महिलाका सवालका कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यकता अनुसार पालिका स्तरीय महिला समन्वय समितिको समन्वयमा गरिनेछ।
- एकल महिला/ पुरुषलाइ मनो परामर्श आवास तथा आर्जन कार्यक्रममा जोड्दै लगिनेछ।
- महिलाहरुलाइ नेतृत्व तथा व्यक्तित्व विकासका विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- पालिका तथा वडास्तरमा संचालन गरिने हरेक कार्यक्रममा सकेसम्म ५० प्रतिशत महिलाको सहभागिता गराउने प्रयास गरिनेछ।
- घरेलु हिंसा तथा लैंगिक हिंसा पिडितहरुको लागि हिंसा निवारण कोषको व्यवस्था गरी तत्काल राहात ,पुनर्स्थापना, न्यायमा पहुँचको लागि सहयोग प्रदान गरिनेछ।
- किशोरी/महिलाहरुलाई लक्षित यौन तथा प्रजनन,महिनावारी स्वच्छता,मानसिक स्वास्थ्य लगायत विषयमा परामर्श सम्बन्धि तालिम प्रदान गरिने छ।
- आर्थिक अभावको कारण उच्च शिक्षाको अध्ययनरत कक्षालाई निरन्तरता दिन समस्या परेका किशोरीहरुकालागि आबस्यक व्याग,कपी/कलम लगायत शैक्षिक सामग्री सहितको उपाध्यक्ष किशोरी शैक्षिक सहयोग कार्यक्रम संचालन गरिने छ। खेलकुदमा रुची राख्ने किशोरीहरुको समूहलाई माग बमोजिम खेलकुद सामग्री समेत उपलब्ध गराईने छ।

### ३.५ बालबालिका:

- नेपालकै पहिलो बालमैत्री घोषणा भएको गाउँपालिका भएको प्रतिष्ठालाई जोगाइ राख्न बालबालिकाहरुलाई घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुबिधा र संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्र भएका विद्यालय, स्वास्थ्य सस्था, विभिन्न योजना, भेला आदी बालबालिकाको सहभागिता अनिवार्य गरिनेछ।
- बालमैत्री स्थानीय शासनका सुचकहरुको हालको अवस्था विश्लेषण गर्न सुचकहरुको पुन लेखाजोखा गरिनेछ।

- बालबालिकाका सबाल कार्यान्वयन गर्न पालिका स्तरीय बाल सञ्जाल तथा वडा वडामा रहेका बाल क्लब र बालसञ्जालहरुलाई प्रोत्साहित गरि बालमैत्री स्थानीय शासन घोषणालाई जिवन्त बनाई दिगो बनाउन र टिकाउन आबस्यकता अनुसार हाल भएका सहित अरु बालमैत्री सहजकर्ताहरुको व्यबस्थापन र परिचालन गरिने छ।
- गाउँपालिकाबाट जारी भएका बाल संरक्षण(अनुगमन, उद्धार, आपतकालीन सहयोग तथा पुनरस्थापना) कार्यविधि, २०७८ र बाल श्रम निबारण सम्बन्धि कार्ययोजना, २०७८, बालकोष सञ्चालन कार्यविधी लगायत बालबालिका सम्बन्धि कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- गाउँ बाल संरक्षण समिति, वडा बाल संरक्षण समिति लगायत सांदर्भिक अन्य समितिहरु बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरुलाई सकृयता बढाउने वाताबरण सिर्जना गरिनेछ। बालबालिकाहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको दोहोरोपन हुन नदिइ कार्यक्रम समन्वयमा संचालन गरिनेछ।
- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई बाल विवाह तथा बालश्रम विरुद्धको शिक्षा,बालबालिका बिरुद्धको हिंसा, बाल दुर्व्यबहार, बिद्युतिय माध्यमबाट हुने यौन शोषण, बाल मनोविज्ञान र मनो बिमर्श जस्ता बिषयमा सचेतनामुलक तालिम तथा अबलोकन भ्रमण जस्ता कार्यक्रम राखिनेछ। सबै वडामा बालमैत्री उद्यान बनाउन सुरु गर्ने गरि बजेटमा सम्बोधन गरिनेछ।
- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई क्षमता विकासका कार्यक्रम सचालन गर्ने, बालक्लब संजाल मार्फत सचेतनामुलक कार्यक्रम (सडक नाटक, भेला, छलफल ) कार्यक्रम गराउने र उत्कृष्ठ कार्य गर्ने बालक्लवलाइ सम्मान गरिनेछ।
- "बालबालिका संग उपाध्यक्ष"अभियान सहीत भाद्र २९ गतेको राष्ट्रिय बाल दिवस विबिध कार्यक्रम गरि मनाईने छ। साथै अन्तराष्ट्रिय बाल दिवस नोभेम्बर २०, अन्तराष्टिय बालिका दिवस ११ अक्टोबर, सामाजिक सुरक्षा सप्ताह २५ देखि २८ नोभेम्बर विविध कार्यक्रम सञ्चालन गरिनेछ। पालिका क्षेत्रमा कार्यान्वयन गरिने भौतिक सामाजिक क्रियाकलापमा बालबालिकाको सर्बोत्तम हितलाई प्राथमिकता दिइ संस्थागत रुपले बालबालिकाबाट उठाइएका सवाललाई कार्यान्वयन गर्न ध्यान दिइनेछ। वडा तथा पालिकाका जुनसुकै योजना तथा कार्यक्रमहरुमा बालबालिकाको हक अधिकार र बिचार लाइ समावेश गरिनेछ।
- पालिकामा श्रमडेस्कको स्थापना गरिनेछ। बालश्रमको अबस्था बारेको तथ्याङ्क संकलन गरि जोखिमयुक्त श्रममा रहेका बालबालिकाको उद्धार गरि उनीहरुलाई उचीत शिक्षा तथा शिपमुलक तालिम प्रदान गरिने छ। बालश्रम निबारण कार्य दीगो रुपमा संचालन गर्न छिमेकी राक्सिराङ्ग,कैलाश लगायत अन्य पालिकासंग समन्वय गरिने छ ।

- पालिका प्रबेश हुने पूर्वी र पश्चिम  सीमानामा सबैले देख्ने स्थानमा बालमैत्री गाउँपालिका घोषणाको जानकारी सहितको होर्डिङ्ग वोर्ड राखिने छ ।

## ३.६ अपाङ्गता भएका नागरीक:

- अपाङ्गता परिचय पत्र जारी गर्ने कार्यलाई सरल र निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- पालिका स्तरीय अपाङ्गता समन्वय समिति मार्फत सहायता सामग्री आवश्यक पर्ने व्यक्तिलाई सहायता सामग्री उपलब्ध गराइनेछ । गाउँपालिका क्षेत्रमा निर्माण हुने सरकारी भवन लगायत संरचनाहरुलाई अनिवार्य अपाङ्ग मैत्री बनाइने छ ।
- पूर्ण अपाङ्गता भएका व्यक्तिको दैनिक जिवनका विविध पक्षमा सहयोग पुर्याउन कार्यलय भित्र नै अपाङ्ग सहयोगी परिचालक व्यबस्था गरिने छ । अपाङ्गता भएको व्यक्तिकोलागी सहयोग गर्न नियुक्त व्यक्तिगत सहयोगी सम्बन्धि कार्यविधीको कार्यान्वयनबाट निजहरुलाई उपलब्ध गराउनु पर्ने सेवालाई थप बिस्तार तथा व्यबस्थित गरिदै लगिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको जिवन सहज बनाउन सीपमुलक तालिम,सचेतना गोष्ठी,क्षमता विकास लगायत निजहरुको आबाज सुन्न जनप्रतिनिधीसंग अन्तरकृया जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।निजहरुको आत्म सम्मान उच्च राख्न सूचना  प्रबिधि क्षेत्रको  आयमुलक कार्यक्रममा जोड्ने प्रयत्न गरिनेछ ।
- पहेँलो कार्ड पाउने अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक श्रोतबाट दिइदै आएको निर्बाह भत्ताको व्यबस्थालाई निरन्तरता दिइने छ ।

## ३.७ जेष्ठ नागरीक:

- जेष्ठ नागरीकहरुको आत्म सम्मानलाई उच्च बनाउन उचीत सम्मानका कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरीकहरु जम्मा हुने चोक चौतारा तथा कार्यालय नजिक जेष्ठ नागरीकलाइ सहज हुन गफ गर्ने अनुभव अदान प्रदान गर्ने अनुकुल हुने गरी  जेष्ठ नागरीक बिश्राम स्थल निर्माण गरिनेछ ।
- जेष्ठ नागरीकहरुको अनुभव तथा ज्ञान सिप आदान प्रदान गर्ने उद्देश्यले बालबालिका तथा युवा संग ज्येष्ठ नागरीक कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरीकहरुलाई स्वास्थकर्मि सहितको घरभेट गरि निःशुल्क स्वास्थ्य परीक्षण,नियमित खाने औषधीको निःशुल्क वितरणको व्यबस्था मिलाईनेछ ।

- संघीय सरकारबाट कार्यान्वयन गरिने जेष्ठ नागरीक भत्ताको वितरणलाई सहज बनाउन वडा कार्यालय र बैंकहरु संगको सहकार्यमा सकेसम्म अति अशक्त जेष्ठ नागरीकलाई घर दैलोमै भत्ता उपलब्ध गराउने प्रयास गरिनेछ।
- सन्तान बिहिन तथा संरक्षक बिहिन आमा बुवाहरुलाई आवश्यकता अनुसार आश्रय घरमा सुरक्षित रुपमा राख्ने व्यबस्था मिलाईने छ। जेष्ठ नागरिकलाई हुने बिभिन्न दुर्व्यबहार बिरुद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- जेष्ठ नागरीक परिचय पत्र बनाउने कार्यमा सरलता कायम गरिनेछ। वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवा लिन आउने सेवाग्राही मध्ये जेष्ठ नागरीकलाई पहिलो प्राथमिकता दिइ सेवा प्रदान गरिनेछ।

**३.८ दलित समुदायः**

- मनहरी गाउँपालिका क्षेत्रमा बसोबास गर्ने दलित समुदायको हितको लागि आयआर्जनमा टेवा पुर्याउने उदेश्य अनुरुप सीपमुलक कार्यक्रम गरिनेछ।
- दलित समुदायसंग रहेको परम्परागत सीपलाई व्यबसायीकरण गर्ने कार्यक्रम कार्यान्वयन गर्न दलित समन्वय समितिसंगको सहकार्यमा योजना बनाई कार्यान्वयन गरिनेछ।
- आर्थिक रुपले बिपन्न दलित समुदायका बालबालिकालाई छात्रबृत्ति तथा शैक्षिक सामग्रीको सहयोगबाट पठन-पाठनमा प्रोत्साहीत गरि कक्षा छाड्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ।

**३.९ आदिबासी जनजातीः**

- आदिबासी जनजातीहरुलाई सम्मान पुग्ने कार्यक्रम व्यबस्थित रुपले सञ्चालन गर्न पालिका स्तरीय आदिबासी जनजाती समन्वय समितिलाई सकृय बनाईनेछ।
- आदिबासी जनजातीहरुको बिशिष्ट पहिचान झल्काउने सांस्कृतिक बस्तु,परम्परागत कला तथा पुराना प्रयोगका सामग्रीहरु रहने गरि एक संग्रहालय स्थापनाको सुरुवात गरि बृहत बनाउन प्रदेश तथा संघ सरकारमा पहल गरिनेछ।
- अति बिपन्न बर्गका आदिबासी जनजाती परिवार पहिचान गरि उनीहरुका बालबालिकालाई बिद्यालय तथा उच्च शिक्षा र परिवारलाई स्वास्थ्य बीमामा सहयोग गरिनेछ। साथै आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ।

**३.१० अल्पसंख्यक समुदाय/मुस्लिम/बोटे/बनकरीया**

- यस पालिका क्षेत्रमा बसोबास गर्ने चेपाङ्ग, बोटे, बनकरीया जस्ता अल्पसंख्यक समुदायलाई मुलप्रबाहीकरण गर्ने योजनाहरु कार्यान्वयन गरिनेछ।

- बनकरीया बस्तिमा रहेको होम स्टेलाई थप ब्यबस्थित बनाई सञ्चालनकोलागी प्रचार प्रसारमा सहयोग गरिनेछ ।
- बोटे समुदायको नमुना बस्तीलाई पर्यटकीय रुपमा विकास गर्ने र कृषि तथा माछा पालन कार्यमा सहयोग गरि आय आर्जन बढाउने कृयाकलापमा सहयोग गरिनेछ ।
- चेपाङ्ग समुदायलाई सहयोग पुग्ने उपयुक्त सुझावहरु संकलनकोलागी सो समुदायका अगुवा नागरीकहरु सहभागी बनाई जनप्रतिनिधी संग अन्तरकृया कार्यक्रम तथा क्षमता बिकास नेतृत्व बिकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका क्षेत्रमा रहेका थोरै संख्याका मुस्लिम / इसाई समुदायलाई सम्मान पुग्ने योजनाहरु कार्यान्वयन गरिनेछ ।
- मुस्लिम समुदायले प्रार्थना गर्ने मस्जिद तथा अन्तिम संस्कार गर्ने कब्रस्थानको उचित व्यबस्थापनमा सहयोग पुर्याइनेछ । मुस्लिम समुदायले मनाउने सामूहिक धार्मिक पर्बमा उचीत सहयोग गरिने छ ।
- मुस्लिम समुदायका बालबालिकाको शिक्षामा सहयोग,परिवारलाई स्वास्थ्य बीमा,मदरसा सञ्चालन,पहिचान कायम राख्ने तथा अन्य आवश्यक बिषयमा समुदायका अगुवाहरुको सुझाव बमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मुस्लिम महिलालाई लक्षित गरि आधारभूत तथा एडभान्स लेभलको सीपमुलक तालिम सञ्चालन तथा आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ ।
- अल्पसंख्यक समुदायले गर्ने व्यवसाय संरक्षणको लागी आवश्यक कानुनि तथा नितिगत व्यवस्था गरिनेछ ।
- पालिकाको सिफारिस वा परिचय पत्रको आधारमा जुनसुकै समुदायका गरिव तथा विपन्न ब्यक्तिलाई सार्बजनिक यातायातमा भाडा छुट दिने प्रयोजनकालागि सार्बजनिक यातायात ब्यबसायिसंग सम्झौता गरिने छ ।
- जुनसुकै समुदायका विपन्न नागरीकको मृत्यु हुँदा अन्तिम संस्कारकालागि सहयोग माग भएमा उचीत आर्थिक सहयोग प्रदान गर्ने नीति लिईने छ ।
- राई,बोटे,माझी,बनकरीया जातिलाई नदीअरुमा निर्बाध प्रबेश गरि जालको प्रयोगबाट माछा मार्न पाउने ईजाजत उपलब्ध गराउन सम्बन्धित निकायसंग उचीत समन्वय गरिने छ ।

### ३.११ संस्कृति प्रबर्द्धनः

- धार्मिक समुदाय तथा जातिगत समुदायबाट मनाईने बडा दशैं, लोह्सार, बुद्ध पूर्णिमा, क्रिस्मस, इदउल फित्र, न्वागी,उधौली/उमौली लगायत आ-आफ्नो सांस्कृतिक चाड पर्ब प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै समुदायको भाषा, कला, साहित्य, सांस्कृतिक आचरणको संरक्षणमा जोड दिइनेछ। प्राथमिक तह सम्म स्थानीय भाषामा अध्ययन अध्यापनमा सहयोग गरिनेछ। धार्मिक पर्यटन, परम्परा देखि चलेको धार्मिक जात्रा, पुरातात्विक महत्वको सम्पदा आदीको संरक्षण गरिनेछ।
- समाजमा रहेको सांस्कृतिक विविधतालाई जिवन्त राख्दै धार्मिक सदभाव बढाउन समाजमा एक आपसको धर्म र संस्कृतिलाई सम्मान गर्ने भावना जागृत गर्न सचेतना कायम गरिनेछ।
- हिन्दु,बौद्ध,क्रिश्चियन र मुस्लिम धर्मका धर्मगुरुहरु सहभागी गराई समाजमा बिद्यमान धार्मिक सहिष्णुता दीगो बनाउन धर्मगुरुसँग जनप्रतिनिधि कर्यक्रम सञ्चालन गरिनेछ।
- मठ मंदीर, गुम्बा, चर्च गिर्जाघर, मस्जिद मदरसा, मरणघाट, बिश्राम पाटी, धार्मिक स्मारक, जातिगत गुठी, संग्रहालय जस्ता संरचनालाई भौतिक निर्माण तथा मर्मत कार्यमा यथासक्य सहयोग गरिनेछ।

### ३.१२ खानेपानी तथा सरसफाई:

- शुद्ध खानेपानी पाउने नागरीक अधिकारको सम्मान गर्दै वडागत रुपमा योजनामा बजेट बिनियोजन गर्दा सबै घरमा शुद्ध खानेपानी पुर्याउने कार्यालाई पहिलो प्राथमिकतामा राखिने छ। खानेपानी आयोजनाहरुबाट वितरण हुने प्रणालीलाई व्यबस्थित बनाउन खानेपानी तथा सरसफाई समिति गठन तथा सञ्चालन गरिनेछ।
- बिशेषगरी पिउने पानीबाट फैलने पानी जन्य रोगको संक्रमण हटाउन पानी शुद्धिकरण गरि पिउने चेतना अभियान सञ्चालन गरिनेछ।
- खुल्ला दिसामुक्त गाउँपालिका भैसकेको अबस्थामा अझै सम्म शौचालयको व्यबस्था नभएको घरमा शौचालय व्यबस्था गर्न आबस्यकता अनुसार दण्डात्मक तथा प्रोत्साहनको कार्यक्रम कार्यान्वयन गरिनेछ।
- पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन सञ्चालन गर्नुपर्ने न्युनतम भौतिक तथा सामाजिक गतिबिधिहरु सञ्चालन गरिनेछ । हाल सञ्चालनमा रहेको ट्र्याक्टरबाट फोहर संकलन गर्ने कार्यलाई थप बिस्तार गरिनेछ। साथै सरसफाइ सम्बन्धि दीगोपनाकोलागि अन्य उपयुक्त विधि अवलम्बन गरिने छ।
- बृहत खानेपानी आयोजनाबाट सार्बजनिक स्थलमा बितरण हुने धारा जडान गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरि गरिनेछ।

### ३.१३ सामाजिक समाबेशीकरणका अन्य आयाम

- पालिकाका लागू पदार्थ दुर्व्यसनमा फसेका युवा तथा त्यस्तो दुर्व्यसनमा जाने सम्भावना भएका नागरीकलाई लक्षित गरी लागू पदार्थ दुर्व्यसन नियन्त्रण जस्ता सचेतना तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।
- गुट्काजन्य पदार्थ निषेधित/मुक्त गाउँपालिका निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । पालिकाको सबै प्रबेश नाकामा गुट्खा जन्य पदार्थ मुक्त गाउँपालिका उल्लेखित होर्डिङ्ग बोर्डको ब्यबस्था गरिने छ ।
- मानब अधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स.मार्फत मानव अधिकार संरक्षणका गतिबिधिहरु र दिवसिय क्रियाकलापमा साझेदारी गरिनेछ ।
- मानव बेचबिखन बिरुद्धको पालिका स्तरीय समितिलाई कृयाशिल बनाई सरोकारवालाहरुलाई सहभागी बनाई मानव बेचबिखन बिरुद्ध गोष्ठि सञ्चालन गर्ने, बेच बिखनमा परेकालाई उद्धार, उपचार,मनोसामाजिक परामर्श लगायत सेफ हाउस तथा पुर्नःस्थापना लगायत सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गरिनेछ ।
- पालिकामा रहेका द्धन्द पिडित नागरीकलाई राज्यबाट नियमानुसार उपलब्ध सेवा सुबिधाको पहुंचमा सहयोग र समन्वय गरिनेछ । शहिद तथा द्धन्द पिडित सम्बर्द्धन कार्यक्रममा सञ्चालन गरिनेछ ।
- युवाहरुलाई पालिकाको योजना तर्जुमा देखि कार्यान्वयन तह सम्म अर्थपूर्ण सहभागीताको सुनिश्चितता हुने संयन्त्रको विकास गरिने छ ।
- पालिका स्तरको लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको बिबरण संकलन गरि आवश्यक सेवा सहयोगको कार्यक्रम कार्यान्वयन गरिनेछ । निजहरुलाई पालिकाको तर्फबाट यथासक्य निर्वाह भत्ता उपलब्ध गराउने प्रयास गरिनेछ ।
- मनहरी गाउँपालिकाका जनसमुदायहरुको स्वास्थ्यलाई मध्यनजर गदै योग शिविर संचालन गरिनेछ ।
- बागमती प्रदेश सुशासन केन्द्रको समन्वयमा तयार गरिने लैंगिक समानता तथा सामाजिक सामाजिकीकरण (GESI/लै.स.सा.स.)को पाँच बर्षिय रणनितिक योजना स्वीकृत गरि उक्त रणनितिक योजनामा उल्लेखित विधि तथा प्रावधानको आधारमा लैंगिक मैत्री गाँउपालिका बनाउने कृयाकलाप सञ्चालन गरिनेछ ।
- पालिकाभरका लक्षित समुहका ब्यक्तिहरुको जीवनस्तर उकास्न तथा जीविकेपार्जनमा सहजताको लागि सिपमुलक तालिमहरु संचालन गरिनेछ ।
- अन्य गैर नाफामुलक संस्थाहरुको कार्यक्रममा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

- एच.आइ.भि. एड्स संक्रमित ब्यक्तिहरुको लागि आबस्यकता अनुसार मनोपरामर्श जस्ता कार्यक्रम संचालन गरिनेछ।
- टोल विकास संस्थाहरुको नेतृत्व विकास गरी सामाजिक व्यवहार सुधार सम्बन्धी कार्यक्रम, सचेतना र सरसफाइ सम्बन्धी कृयाकलाप सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।सफा टोलको छनौट गरि वडा/पालिकाले पुरस्कृत गर्ने नीति लिइनेछ।
- उपभोक्ता समिति मार्फत सञ्चालन गरिँदै आएको सार्वजनिक विकास योजना कार्यान्वयनलाई क्रमश टोल विकास संस्था मार्फत गर्न प्राथमिकता दिइनेछ।
- पालिकामा हाल सम्म गठन भएका टोल विकास संस्थाहरुलाई अद्याबधिक गरि आवश्यक पर्ने वडाका टोलमा थप संस्था गठन गरिनेछ ।पालिका स्तरीय टोल विकास संस्था समन्वय समिति गठन गरि कृयाशिल बनाइने छ।
- टोल विकास संस्थाहरुको क्षमता विकास गर्न संस्था व्यबस्थापन लगायतका बिभिन्न तालिम प्रदान गरिनेछ। टोल विकास संस्थाहरु सहज रुपले सञ्चालन गर्न आवश्यक पर्ने न्युनतम भौतिक श्रोत उपलब्ध गराईनेछ।
- टोल विकासमा आबद्ध जनसमुदायलाई खानेपानी व्यबस्थापन तथा सरसफाई, सार्बजनिक निर्माण कार्यमा समन्वय, सामाजिक सद्धभावना, घरेलु हिंसा बिरुद्धका सचेतना, महिला/बालबालिका/दलित/अपाङ्गता भएका व्यक्ति/जेष्ठ नागरीक लगायत समुहको हीतको प्रबर्द्धनमा सहभागिता तथा स्थानीय विकास निर्माणमा सहभागिता सहित प्रतिफलमा अपनत्व, आय आर्जन तथा जिविकोपार्जनका विविध आयाम आदिमा सहभागी हुने गरि परिचालन गरिनेछ।
- टोल विकास संस्थाहरुको माग बमोजिम सार्बजनिक स्थलहरुमा सार्बजनिक शौचालय निर्माण गर्ने नीति अबलम्बन गरिनेछ।

## ४. बन,बातावरण तथा विपद ब्यबस्थापन

### ४.१ वन वनस्पति भू-संरक्षण र वातावरणः

- जलवायु परिवर्तनको नकरात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।
- स्थानिय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरि मध्यवर्ति क्षेत्र ब्यवस्थापन समितिलाई राष्ट्रिय निकुञ्ज र स्थानिय सरकारबीच समन्वय गर्ने माध्यमको रुपमा सम्बन्ध स्थापित गरिनेछ।

- वन, वातावरण र जैविक विविधतालाई संरक्षण तथा कृषकहरुलाई प्रोत्साहन गर्न चिराईतो, अमृसो, कुरिलो जस्ता गुणकारी वनस्पतीको नर्सरी स्थापना गरी किसानहरुलाई प्रोत्साहित गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ।
- सामुदायिक वन तथा डिभिजन वनको सहयोगमा नदी उकास पर्ती जमिनमा आयआर्जन गर्ने गरी थप नरिवल तथा अन्य फलफूलको विरुवा रोप्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसँगको सहकार्यमा वृक्षारोपन र वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ। ईच्छुक सामुदायिक वन उपभोक्ता समिति र कबुलियत वनलाई बोटबिरुवाको नर्सरी स्थापना गर्न प्रेरित गरिनेछ। नर्सरी गर्न चाहने सामुदायिक वनहरुलाई अनुदानको ब्यवस्था गरिनेछ।
- जलवायू परिवर्तनको प्रभाव न्युनिकरण समेत गर्नको लागि नदी किरानाको जग्गामा विकास गर्ने नीति अनुरुप उपयुक्त जग्गामा थप नरिवल तथा फलफूलको विरुवा रोपी बगैचा विकास गरिनेछ।
- गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणलाई कार्यान्वयन गरिने छ । गाउँपालिका क्षेत्रमा मापदण्ड विपरीतका प्लाष्टिक झोला प्रयोगमा पूर्णत निषेध गर्न बैकल्पिक सहीतको सम्बोधन हुनेगरि कार्यबिधि तर्जुमा गरिने छ ।
- सामुदायिक वन समुहहरुवाट स्थापना गरिएको वडा नं. ९ ज्यामिरेमा रहेको वन पैदावरमा आधारित काष्ठ उधोग संचालनको लागि सम्बन्धित निकाय समक्ष सहजिकरण गरिने छ ।
- वातावरण संरक्षणको लागि टोल बिकास संस्था वा सामुदायिक संस्था नागरिक वा निजी क्षेत्रको सहभागीतालाई प्रोत्साहन गरिनेछ।
- आवासको हक नागरिकको मौलिक अधिकार भएको हुँदा मनसुनजन्य विपद प्रभावित निजी आवास पुननिर्माण तथा पुनस्थापनाको लागि बजेट ब्यवस्थापन गरिनेछ।
- धार्मिक तथा कबुलियत वनलाई आयआर्जन हुने गरी प्रबर्धन गदै त्यस्ता वन क्षेत्रमा पर्यटक आकर्षण गर्न पूर्वाधार निर्माणमा प्रोत्साहन तथा आवश्यक सहयोग उपलब्ध गराईनेछ।
- मनहरी बजार लगायत तिब्र सहरीकरण भएको क्षेत्रमा सडकको दाँयावाँया अशोक, धुपि जस्ता सौन्दर्यवर्द्धक बिरवा रोपन कार्य शुरु गरिनेछ।
- मनहरी बजार लगायत तिब्र सहरीकरण भएको क्षेत्रमा बातावरणीय स्वास्थ्यलाई मध्य नजर गदै घुम्ति शौचालयको ब्यवस्था गरिनेछ।

- सुधारिएको चुल्हो ब्यवस्थापन तथा प्रबर्दन कार्यक्रम संचालन गरिनेछ । घर घरमा फलफुलका बिरुवाहरु रोप्ने कार्यमा अभिप्रेरित गरिनेछ

## ४.२ विपद् ब्यवस्थापन जलाधार क्षेत्र संरक्षण तथा फोहोरमैला ब्यवस्थापन

- एम्बुलेन्स अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुमा जनताको पहुँचलाई सुनिश्चित गरिनेछ । विपद जोखिमको पहिचान गरी उक्त क्षेत्रमा जोखिम कम गर्ने नीति अवलम्बन गरिनेछ।
- जलवायु परिवर्तनको नकरात्मक असरलाई न्युनीकरण गर्न टोल बिकास संस्थाहरु मार्फत चेतना अभिवृद्धि गर्ने कार्य गरिनेछ।
- गाउँपालिका स्तरका हरेक भौतिक संरचनागत आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिका वातावरण मैत्री स्थानिय शासनको अवधारणालाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ।
- खानेपानी तथा लघु सिचाईको रुपमा उपयोग गर्न मिल्ने पानीको साना श्रोतः कुवा तथा मुहान संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ऐतिहासिक ढुङ्गेधारा तथा ईनारहरुको संरक्षण र मर्मत गरिनेछ।
- माथिल्लो भेगका खोल्सीहरुमा रहेको जलाधार दीगो बनाउन बृक्षारोपन लगायत प्रदुषण रहित बनाइनेछ।
- सुन्दर र सफा मनहरीको परिकल्पना साकार पार्न हाल केही वडाका क्षेत्रमा मात्र सञ्चालन भएको फोहोर संकलन कार्य सके वडाहरुमा विस्तार गर्ने फोहोर मैलाको ब्यवस्थापन गर्न डम्पिङ्ग साइट निर्माण गर्ने तथा फोहोरमैला ब्यवस्थापनको कार्यलाई अझ ब्यवस्थित वनाउन गठित समितिको प्रतिबेदन बमोजिमका कार्य अगाडी बढाइनेछ । गाउँपालिका क्षेत्रमा निस्किने फोहोरहरुलाई विविधिकरण गरी ब्यवस्थापन गर्ने प्रवन्ध मिलाइनेछ।
- विपद् पश्चात तत्कालिक सुरक्षित ब्यवस्थापनको लागि साबिक हाँडीखोला क्षेत्रको २ स्थानमा र मनहरी क्षेत्रको २ स्थान छनौट गरी सम्भाव्यता अध्ययन गरिने छ।
- वडा नं ३ को लामिटारमा स्थानिय आपतकालीन कार्य सञ्चालन प्रणालीको स्थापना र सञ्चालन गरिने छ।
- वन डढेलो नियन्त्रणको लागी अग्नी रेखा तथा नियन्त्रण दस्ता निर्माण गरी तालिम निरन्तर संचालन गरिने छ।

- वन्यजन्तु तथा बाढी जन्य विपद जोखिम न्युनिकरण सम्बन्धमा पूर्व सुचना प्रणाली जडान तथा सञ्चालनको सम्भावना अध्ययन गरिनेछ ।
- विद्यालयमा गठन हुने जुनियर रेडक्रसमा आवद् बिधार्थीलाई तालिम दिन सहयोग गरिनेछ ।
- गाउँपालिकाका अधिकाशं भू-भाग पर्सा तथा चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको र सो क्षेत्रमा रहेको जोडिएको र सो क्षेत्रमा रहेको जगंलबाट बाहिर निस्केर मानव तथा मानव बस्तीमा आक्रमण गर्ने गरेको कृषकको बालीनाली पालिएका गाइबस्तु लगायतलाई नोक्सान पुर्याउने गरेको हुँदा सो को न्यूनीकरण तथा भएको क्षतिको क्षतिपूर्तिको लागि सम्बद निकायसँग समन्वय र सहकार्य गरिनेछ ।
- विपद् ब्यवस्थापनसँग सम्बन्धीत सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयमा प्रभावकारी विपद् ब्यवस्थापनको लागि कार्ययोजना बनाई लागु गरिनेछ । सरोकारवालाहरुसँग सहकार्य गरी चुरे संरक्षणमा ध्यान दिईनेछ ।
- जोखिमयुक्त स्थानमा रहेको एवम् जंगल सिमाना जोडिएको संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पीडीत तथा बिस्थापित परिवारलाई स्थानान्तरण वा पुनस्थापनाका लागि पहल गरिनेछ ।
- बिपद् ब्यवस्थापन कोष संचालन निर्देशिका बमोजिम विपदबाट प्रभावित परिवारलाई राहत तथा उद्धार कार्यक्रम निरन्तर संचालन गरिनेछ । विपदको कारण समस्यामा परेका व्यक्तिलाई तत्काल खोज/राहत/उद्धार गर्न आकस्मिक कोषको व्यबस्था गरिने छ ।
- चालु आर्थिक बर्षमा चट्याङको कारण जोखिम युक्त स्थानको रुपमा रहेको मसिने ट्वाङ्गा लगायतको स्थानमा अर्थिङग जडान सम्पन्न भएको र यसको प्रभावकारीतालाई मध्ये नजर गरी थप जोखिम क्षेत्रमा विस्तार गरिनेछ ।
- बिपद् ब्यवस्थापनमा प्रयोग हुने एम्बुलेन्स लगायतको सवारी साधनहरु परिचालनको लागि निर्देशिका बमोजिम पालिकाको विपद ब्यवस्थापन शाखा मातहतमा रहनेगरी सञ्चालनको प्रबन्ध मिलाईनेछ साथै यस्ता सवारी साधनहरुको सम्पर्क नंम्बर सार्वजनिक स्थानमा सबैले देख्ने गरी टास्ने ब्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भरका जनतालाई स्वच्छ पिउने पानीको ब्यवस्थापनको लागि मनसुन जन्य समय र आवश्यक परेको समयमा पिउने पानीको निशुल्क जाँचको प्रवन्ध मिलाईनेछ ।

- विपद् ब्यवस्थापनमा संघ, प्रदेश, स्थानिय समुदाय, रेडक्रस जस्ता संघसंस्था र निजी क्षेत्रसँग सहयोग समन्वय र सहकार्य गरी विपद न्यूनिकरण जोखिम क्षेत्रको नक्साङकन तथा बस्तिको पहिचान गरिने छ ।
- विपद पूर्व तयारी तथा ब्यवस्थापनको लागि खोज तथा उद्धार राहत सामाग्रीहरुको पूर्व भण्डारण वितरणका लागि जोखिममा पर्नसक्ने परिवारको आंकलन गरि अस्थायी आवास सहितको राहत सामाग्री तयारी अवस्थामा राख्ने ब्यवस्था गरिनेछ । विपद परेकाहरुको खोज तथा उद्धार कार्यलाई सहज बनाउन नेपाल रेडक्रस सोसाइटीले तयार गर्न लागेको प्रशिक्षित जनशक्ति सहितको सञ्चालनलाई उचित सहयोग गरिनेछ ।
- बातावरण तथा विपद ब्यवस्थापनको लागी अन्य पालिकाले गरिरहेका प्रयास सम्बन्धी अध्ययन अवलोकन भ्रमण गरिनेछ ।

**५. सुशासन तथा संस्थागत विकासः**

**५.१ मानव संसाधन विकास कार्यक्रमः(सूचना प्रविधि, आमसञ्चार तथा अभिलेख व्यवस्थापन समेत)**

- सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रस्तिस्प्रर्धि, समावेशी र जनउत्तरदायी बनाई कार्यसम्पानलाई नतिजामुखी र अनुमानयोग्य बनाउन प्रबिधिमैत्रि बनाउदै लगिनेछ । यसका लागि डिजिटल नागरिक बडापत्र, विद्युतीय हाजिरी, टोकन प्रणाली साथै संस्थागत स्मृतिलाई बलियो राख्न ( Institutional Memory) अभिलेख डिजिटाईज गर्ने जस्ता कार्यहरु गरिनेछ ।
- एकद्धार सेवा प्रणाली मार्फत आम स्रेवाग्राहीहरुमा सरकारी कामकाज प्रक्रिया झन्झटिलो र प्रक्रियामुखीमात्र हुन्छ भन्ने आम जनबुझाईको अन्त्य गर्न कानून बनाई यसै आ.व. देखी टोल विकास संस्थाका स्यमंसेवक परिचालन गर्ने निति अबलम्बन गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरुलाई सक्षम, सुदृढ र प्रतिस्पर्धी बनाउन विद्यमान संस्थागत क्षमता र प्रभावकारी सेवा प्रवाहको अन्तराल विश्लेषण ( Gap Analysis) सहित यसै आ.व. मा तयार गरिएको क्षमता विकास योजना अनुरुप क्रमश क्षमता विकासको कार्यक्रमहरु संचालन गर्दै लगिने छ।
- जनगुनासोलाई सम्बोधन गर्नका लागि गाउँपालिका अन्तर्गतका सबै निकायमा सुझाव पेटिकाको व्यवस्था गर्दै सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण,लैंगिक उत्तरदायि बजेट मूल्याङ्कन कार्यक्रमलाई निरन्तरता दिईनेछ । कार्यालयको सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ।
- पहिचान भएका तर तर्जुमा हुन बाँकी कानून तर्जुमा गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ र विद्यमान कानूनहरुलाई समय सापेक्ष बनाउन आवश्यक संशोधन गरिनेछ ।

- भष्ट्राचार विरुद्ध शून्य सहनशिलताको नीति लिईनेछ। आम नागरिकलाई छिटो छरितो सेवा प्रवाह गरी सुशासनको अनुभुति दिलाउन सार्वजनिकि सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउदै थप सहज, सरल र प्रभावकारी बनाईनेछ।
- कर्मचारीहरुको मनोबल बढाउन थप अभिप्रेरित गर्ने नीति अबलम्बन गरिनेछ।साथै कार्य क्षेत्रमा हुन सक्ने सम्भावित जोखिम व्यवस्थापनको लागि आ.व. ०८१/०८२ देखी सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुको दुर्घटना विमा गरिनेछ।
- गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिमका जनशक्तिको व्यवस्था मिलाई संगठनिक संरचनालाई चुस्त, दुरुस्त र सक्षम बनाईनेछ।
- गाउँपालिकाको चालु प्रकृतिको खर्च घटाई मितव्ययिता कायम गरिनेछ।
- नागरिक सचेतना र नागरिक सहभागिता सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ । जनसहभागिताको माध्यमबाट हरेक किसिमका आयोजना तथा कार्यक्रमहरु आम गाउँबासीमा अपनत्व महशुस हुने गरी संचालन गरिनेछ।
- गाउँकार्यपालिकाको काम कारबाहिलाई चुस्त, दूरस्त, पारदर्शी र जनउत्तरदायी बनाउन कार्यालयबाट हुने गरेका सम्पूर्ण कार्यक्रम, सूचना, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, निर्णय विद्युतीय सूचना प्रणाली मार्फत सार्वजनिक गर्ने गरिएको कामलाई अझै प्रभावकारी बनाइने छ।
- अनलाईन कर प्रणालीलाई प्रोत्साहन गर्दै गाउँपालिका तथा वडा कार्यालयहरुबाट गरिने सेवा प्रवाहमा एकरुपता ल्याउन एकिकृत व्यवस्थापन प्रणाली प्रयोगमा ल्याईनेछ।
- स्थानीय तहका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र नागरिक वडापत्र गाउँपालिकाको सबै वडामा अनिवार्य व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलव्ध गराइदै आएकोमा, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- कार्यसम्पादन संतोषजनक रहेका करार सेवाका कर्मचारीहरुको सेवालाई निरन्तरता दिइने छ।
- गाउँपालिकाद्धारा तयार भएको व्यवस्थापन तथा सर्वेक्षणलाई स्वीकृत गरी सो अनुसारको दरवन्दी पदपुर्ती प्रकृयालाई अगाडी वढाइनेछ।
- गाउँपालिकाको हालसम्मको महालेखा परिक्षकबाट औल्याईएका बेरुजुलाई लेखा समिति मार्फत् गाउँसभामा लगी नियमित गर्ने कार्य निरन्तर गरिनेछ।

- सेवा प्रवाहका विषयमा गुनासो पेटिकाको व्यवस्था गरिनेछ । सेवा ग्राहीहरुले प्राप्त गरेको सेवा संतुष्टीको मापन गर्न  बहिरगमन मत सर्बेक्षण(Exit Poll) फारम उपलब्ध गराई जानकारी संकलन गरिने छ ।
- कार्यालय सञ्चालनको लागि आर्थिक स्रोतको अभाव नहुने गरी वडा कार्यालयलाई स्रोत सम्पन्न गरिनेछ ।
- पालिकाका हरेक शाखा फाँटबाट सम्पादन हुने कार्यहरु सकेसम्म बिधुतिय सुचना प्रणालीमा आधारित बनाई सम्पादित कामको प्रतिबेदन तयारीमा एकरुपता कायम गरिने छ ।
- हरेक शाखा फाँटको कार्य प्रगती समिक्षा गर्न आगामी हफ्ताको लक्ष सहीत सो हफ्ता सम्पादित कामको प्रतिबेदन गर्ने साप्ताहीक प्रथम घण्टा कर्मचारी बैठक कार्यलाई निरन्तरता दिईने छ ।
- सूचना प्रविधिको माध्यमवाट विद्युतिय सुशासन कायम गर्न गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ संस्था तथा विद्यालयहरुमा सूचना प्रविधिको उपयोग बढाईनेछ ।
- मनहरी गाउँपालिका क्षेत्रमा रही कृयाशिल पत्रकारहरुको क्षमता विकास  र ब्यबसायीकरणमा सहयोग पुर्याइनेछ । स्थानिय सामुदायिक संचार गृहको भौतिक निर्माण तथा स्तरीकरणमा सहयोग गरिने छ ।
- स्थानिय मिडियाहरुलाई प्रबर्द्धन गर्ने नीति रहने छ । स्थानिय संचारकर्मीहरुकोलागि विषयगत अभिमुखिकरण तालिम संचालन गरिने छ । पालिका संग सरोकार राख्ने सामग्री प्रकाशनको योगदान हेरी उचीत सम्मान तथा पुरस्कारको व्यबस्था गरिने छ ।
- संचार कर्मिहरुकालागि फिल्ड भिजिट कार्यक्रमलाई निरन्तरता दिइने छ । स्थानिय पर्यटकिय क्षेत्रको अबलोकन सहीत  स्थानिय पर्यटन क्षेत्रको प्रचार प्रसार प्रबर्द्धनमा सहयोग गरिने छ ।
- पालिकाबाट प्रकाशन हुने सूचना/संदेश मूलक कार्यक्रम प्रशारणमा स्थानिय एफ.एम.लाई प्रोत्साहन गरिने छ ।आम संचार क्षेत्रमा विनियोजित बजेटको कार्यान्वयनमा मनहरी गाउँपालिका क्षेत्रमा दर्ता भएका विभिन्न मिडियालाई प्राथमिकता दिइने छ ।
- पत्रकार र जनप्रतिनिधिको सहकार्यबाट समुन्नत समाज र समृद्ध मनहरी गा.पा.निर्माण गर्न हातेमालो गरिने छ ।
- प्रत्यक आर्थिक बर्षको अन्त्यमा विषयगत शाखाको प्रगती चित्रण हुनेगरि समाचारमूलक सामग्री निर्माण तथा प्रकाशन गरिने छ ।
- मुख्य बजार क्षेत्रमा सूचनापाटी स्थापना प्राथमिकता दिइनेछ । स्थापित सुचनापाटीको सुरक्षा ब्यबस्था गर्न बत्ती सहित सि. सि. टि. भी क्यामेरा जडान गरिनेछ ।
- गाउँपालिकाबाट सम्पादित प्रभावकारी कार्यक्रमहरुलाई वृत्तचित्र निर्माण गरी प्रचारप्रसार गरिनेछ ।

- नागरिकलाई घरदैलै सेवाको मुर्तरुप दिन साविक हाडीँखोला र मनहरी गा.वि.स मा केन्द्र रहने गरी पशु र कृषि सेवा केन्द्र संचालन गरिनेछ। घुम्ती शिविर कार्यक्रम संचालन गरिनेछ।
- कार्यालयसंग सम्झौता गरी कार्यान्वयन नगर्ने/दिलो गर्ने परिपाटिको अन्त्य गर्न अनुगमन कार्यलाई अभियानको रुपमा अघि बढाईनेछ।
- मनहरी गाउँपालिकाको क्षेत्रभित्र शुद्ध पिउने पानीको उत्पादन, वितरण र व्यवस्थापन कार्यालाई प्रभावकारी/सहभागितामुलक बनाउन नियमानुसार खानेपानी बोर्डको स्थापना गरी कार्यान्वयन गरिनेछ।
- उपभोक्ताको माग बमोजिम बस्तुगत सहायता स्वरुप उपलब्ध गराइएका खानेपानी पाइप बिच्छाउने कार्य पश्चत डढेलो आदीबाट हुने क्षेति जोगाउन अनिवार्य पुर्नै पर्ने शर्त सहीत बितरण हुने छ। पालिकाबाट प्राप्त गरेका जुनसुकै बस्तुगत अनुदानको उचीत प्रयोग र सुरक्षा नगर्दा वा उपभोक्ताको लापरबाहीबाट हुने क्षेतिहरुमा निजहरुलाईनै जवाफदेही बनाउने परिपाटीको बिकास गरिने छ।
- जोखिम न्युनिकरण गरी विपद् व्यवस्थापन गर्न ब्याक हो लोडरलाई ईन्धन दिई वडा कार्यालय मार्फत कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- मनहरी गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्तीहरुको संरक्षण र सुरक्षा गर्ने कार्यलाई अभिलेखन, अनुगमन, प्रतिवेदन मार्फत प्रभावकारी बनाईने छ।

**५.२ गैर सरकारी संस्था तर्फः**

- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरि नीतिगत व्यवस्था गरिनेछ।
- गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ।
- यस पालिकालाई कार्यक्षेत्र बनाइ लामो समयका सामाजिक विकास कार्यको परियोजना सहीत परिचालन भएका गै.स.स.लाई बिशेष प्राथमिकता दिई सहकार्य गरीने छ।
- सामाजिक/आर्थिक बिकासको क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने गैरसरकारी संस्थालाई सम्मान सहीत पुरस्कृत गरिनेछ।
- पालिका क्षेत्रमा कार्यरत बाणिज्य बैंक, विकास बैंक, लघुबित्त संस्था, सहकारी जस्ता बित्तिय संस्थाहरुको प्रबाह हुने सेवा गुणस्तरीयताकोलागी आपसी अन्तरकृया कार्यक्रम सञ्चालन गरीनेछ।

**५.३ आन्तरिक स्रोत परिचालन तर्फः**

- सम्पत्ती कर, विज्ञापन कर, ब्यवसाय कर, घर बहाल करलाई ब्यवस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ। करको दायरा फराकिलो पार्न यसै वर्षभित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ।
- करको दर परिमार्जन नगरी करका दायराहरु फराकिलो पार्न नयाँ स्रोतहरुको पहिचान गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति र राजश्व शाखालाई सुदृढ सक्षम र प्रविधि मैत्री बनाइनेछ।
- राजश्व नाकामा सि.सि. क्यामरा मार्फत् अनुगमनलाई कडाई गरिनेछ । राजस्व चुहावट नियन्त्रणकोलागि आबस्यकता अनुसार नगर प्रहरी परिचालन गरिने छ।
- बेलावखतमा कर शिविर आयोजना गरी समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसला प्रदान गरि समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई अगाडी बढाइनेछ।
- आन्तरिक श्रोतलाई बलियो बनाउदै लैजान राजस्व सुधार योजना बनाइ कार्यान्वयन गर्न सम्भाव्यता अध्ययनको कार्य अगाडि बढाइने छ।

### ५.४ स्थानिय न्यायिक सेवा

- स्थानीय न्यायिक समिति मार्फत् शान्ति, सद्भाब र न्यायको अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनेछ।
- न्यायिक कार्यलाई लैङ्गिक संबेदनसिल बनाइनेछ।
- न्यायिक निरुपणका क्रममा महिला, दलित, जेष्ठ नागरिक, बालबालिका र द्वन्द पिडितलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गरिनेछ।
- गाउँपालिकाबाट सम्पादन भइरहेको न्यायिक क्रियाकलापको प्रभाबकारिता बारे राजनैतिक दल, सुरक्षाकर्मी, संचारकर्मी, अगुवा महिला, बाल संजाल, मानब अधिकार कर्मी, जनप्रतिनिधि सहित कानूनबिदको सहभागीतामा अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ।
- वडास्तरिय मेलमिलाप केन्द्र संचालनकोलागी मेलमिलाप सम्बन्धी ४८ घन्टे तालिम लिएका मेलमिलापकर्ताहरुलाई सूचिकृत गरिनेछ।
- वडास्तरीय मेलमिलाप केन्द्रलाई अझै सक्रिय बनाउन वडास्तररीय मेलमिलाप केन्द्रबाट भइरहेका मेलमिलाप कार्यलाइ प्रोत्सहान गरिनेछ।
- न्यायिक सेवाबाट टाडा रहने सम्भावना भएका लक्षित समुदाय तथा नागरिकलाइ न्यायिक समितिको काम कर्तब्य र अधिकारका बिषयमा जानकारी दिन सचेतना मुलक कार्यक्रम तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।
- जनप्रतिनिधि तथा मेलमिलापकर्ताहरुलाई मौजुदा कानूनी सचेतना कार्यक्रम तथा पुनर्ताजगी कार्यक्रम संचालन गरिनेछ।

- वडा स्तरमा न्यायिक समिति तथा मेलमिलाप केन्द्रबाट निरुपण हुनसक्ने विवादहरुको सूची उल्लेखभएको होर्डिङ्गबोर्ड स्थापना गरिनेछ।
- मेलमिलाप केन्द्रहरुलाई आवस्यक साधनस्रोतले ब्यवस्थित बनाइनेछ।
- न्यायिक समिति पदाधिकारी मेलमिलापकर्ता तथा न्यायिक कार्यमा सहजिकरण गर्ने कर्मचारीसमेतलाई नमुना न्यायिक कार्यसम्पादन भएका पालिकाहरुमा अनुभब आदान प्रदान तथा अवलोकन भ्रमणमा सहभागी गराइनेछ।

अन्त्यमा यस नीति कार्यक्रमको मस्यौदा तर्जुमामा प्रत्यक्ष र परोक्ष रुपमा मलाई सहयोग गर्नुहुने बिषयगत समितिका संयोजक तथा सदस्य लगायत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु लाई धन्यबाद ज्ञापन गर्दछु।नीति,कार्यक्रम तथा बजेट तर्जुमाकव संदर्भमा हामीलाई अमूल्य सुझाव दिनुहुने कृयाशिल राजनीतिक दल लगायत सरोकारवालाहरुमा सबैमा हार्दिक आभार ब्यक्त गर्दै यसको कार्यान्वयनमा समेत उत्तिकै सक्रियतापूर्वक सहभागी भइ सहयोग गर्नुहुनेछ भन्नेमा पूर्णत विश्वस्त रहेको छु।

रञ्जन कालाखेती
गाउँपालिका अध्यक्ष